# नगरपालिका तथा गाउँपालिका पार्श्वचित्र

## २०७५

## MUNICIPALITY & RURAL MUNICIPALITY PROFILE OF NAWALPARASI EAST-2075










# नगरपालिका तथा गाउँपालिका पार्श्वचित्र-२०७५

## MUNICIPALITY & RURAL MUNICIPALITY PROFILE OF NAWALPARASI EAST

नेपाल सरकार

राष्ट्रिय योजना आयोग

**केन्द्रीय तथ्याङ्क विभाग**

**तथ्याङ्क कार्यालय, चितवन**

प्रकाशन मिति : वि.सं. २०७५, आषाढ
प्रकाशन प्रति : २०१
सर्वाधिकार : तथ्याङ्क कार्यालय, चितवन
प्रकाशक : तथ्याङ्क कार्यालय, चितवन
कम्प्युटर/आवरणकला : **मदन सेन्चुरी**
मुद्रक : **कालिका छापाखाना**
न्युरोड, नारायणगढ
फोन: ०५६-५७०११४

**तथ्याङ्क संकलन तथा संयोजन** :
**तथ्याङ्क कार्यालय, चितवन** (२०७५)

यस पुस्तकमा उल्लिखित तालिकाहरु तथ्याङ्क कार्यालय, चितवनको श्रोत खुलाई मात्र साभार गर्न सकिनेछ ।

फोन नं. : ९७७–१–४२४५९
९७७–१–४२४५९
९७७–१–४२४५९
९७७–१–४२२९४
फ्याक्स : ९७७–१–४२२७७

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिबालय
**केन्द्रीय तथ्याङ्क विभाग**

प.सं.: २०७४/७५

रामशाह पथ
थापाथली, काठमाण्डौ

च.नं.:

# मन्तव्य

स्थानीय नीति निर्माता, योजनाकार, अनुसन्धानकर्ता, अध्येता र सञ्चारकर्मीहरुका लागि खण्डीकृत तथ्याङ्को माग दिनानुदिन बढ्दै गईरहेको अनुभव हामीले गरेका छौ । खण्डीकृत तथ्याङ्को यस्तो मागलाई राष्ट्रिय जनगणना, कृषिगणना र नमुना सर्वेक्षणमा आधारित विभिन्न सर्वेक्षणहरुले मात्र परिपूर्ति गर्न नसक्ने सन्दर्भमा गणना तथा सर्वेक्षणहरुबाट प्राप्त स्थानीय तहका तथ्याङ्क र स्थानीयस्तरका विभिन्न निकायहरुमा व्यवस्थापन गरिएका अभिलेखहरुमा छरिएर रहेका उपयोगी आँकडाहरुलाई तथ्याङ्क कार्यालयहरुले विगतका वर्षहरुमा पनि जिल्ला तहका वस्तुगत विवरणहरु तयार गरेका र तिनको अधिकतम माग तथा प्रयोग भएको अनुभव हामीले गरेका छौ । यसै सन्दर्भमा, देशको परिवर्तित स्थानीय तह अनुसारको तथ्याङ्क एकत्रित गरी आम प्रयोगकर्ताहरुको उपयोगको लागि उपलब्ध गराउने प्रयासस्वरूप केन्द्रीय तथ्याङ्क विभाग अन्तर्गतका तथ्याङ्क कार्यालयहरुले चालू आर्थिक वर्षमा गाउँपालिका/नगरपालिका प्रोफाइल तयार गरेका हुन् । यसको तयारीबाट स्थानीय तहको तथ्याङ्क भण्डार समृद्ध हुनुका साथै प्रयोगकर्ताहरुको माग निकै हदसम्म सम्बोधन भई योजनाविद्, अनुसन्धानकर्ता, विद्यार्थी, तथा सरोकारवाला हरुको निम्ति निकै सहयोगी हुने विश्वास मैले लिएको छु ।

स्थानीय तहहरूका वडास्तरसम्मका तथ्याङ्कहरु संग्रहित यस्तो महत्वपूर्ण गाउँपालिका/नगरपालिका प्रोफाइल तयार गरी प्रकाशनमा ल्याउन लागेकोमा म यस कार्यको प्रशंसा गर्दछु र यसको तयारीमा संलग्न सम्पूर्ण कर्मचारी वर्गमा धन्यवाद दिन चाहन्छु । आगामी वर्षमा तथ्याङ्क कार्यालयहरुले यस प्रकाशनको अद्यावधिक नवीन संस्करणलाई पनि प्राथमिकता दिनेछन् भन्ने विश्वास मैले लिएको छु ।

सुमनराज अर्याल
(महानिर्देशक)

# दुई शब्द

तथ्याङ्क कार्यालय, चितवनबाट यसप्रकारको जिल्ला वस्तुगत विवरण तेश्रो पटक तयार गरिएको हो। यस अघि वि.सं. २०७१ सालमा नवलपरासी जिल्लाको दोश्रो पटक प्रकाशित गरिएकोमा यो जिल्ला टुक्रिइ नवलपरासी वर्दघाट सुस्ता पूर्व र नवलपरासी वर्दघाट सुस्ता पश्चिम बनेकाले त्यसलाई अद्यावधिक तथा परिमार्जन गर्न आवश्यक ठानी आगामी दिनमा जिल्लाको विभिन्न तहको योजना निर्माणमा सहयोग पुगोस् र जिल्लामा छरिएर रहेका तथ्याङ्कहरुलाई एकिकृत गरी एउटै प्रकाशन मार्फत प्रयोगकर्ता माझ पुगोस् भनी **'नगरपालिका तथा गाउँपालिका पार्श्वचित्र-२०७५'** नवलपरासी वर्दघाट सुस्ता पूर्वको जिल्ला वस्तुगत विवरण तयार गरिएको हो।

यसले आवधिक जिल्ला विकास योजनाको लागि नयाँ विकासको सम्भावनाहरुको खोज, अध्ययन एवं विश्लेषणको सहयोग पुग्ने अपेक्षा लिईएको छ। साथै मौजुदा श्रोत र साधनहरुको परिचालन गर्दै विकास योजनाहरुको अनुगमन तथा मुल्याङ्कन प्रक्रियामा तथ्याङ्क र सुचनाको माध्यमद्वारा सहयोग पुग्ने आशा गरिएको छ। हाम्रो यो कार्य पनि जिल्ला समन्वय समिति, नगरपालिकाहरु, गाउपालिका लगायत जिल्लाको विकाससँग सम्बन्धित सबै सरकारी, अर्धसरकारी र गैरसरकारी निकायहरूका प्रयोगको साथै अध्येता, अनुसन्धानकर्ता र सञ्चारकर्मीहरूका लागि पनि यो धेरै उपयोगी हुन सक्ने हाम्रो अपेक्षा छ।

यस प्रकाशनलाई यसपुर्वको जिल्ला वस्तुगत विवरण भन्दा केही पृथक बनाउने प्रयास गरेको छौं। यसको तयारीमा प्राथमिक वा माध्यमिक तथ्याङ्क उपलब्ध गराइदिनु हुने सबै पक्षहरूलाई म कार्यालयको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। तथ्याङ्क कार्यालय, चितवनका कर्मचारीहरू जसले यसको निम्ति तथ्याङ्क संकलन, सम्पादन र प्रशोधन एवं सम्पादनमा मा परिश्रम लगाउनु भएको छ वहाँहरू पनि श्रेयका हकदार हुनुहुन्छ। तथ्याङ्क संकलनमा सहयोग पुर्‍याउनुहुने सुपरिवेक्षकहरु श्री रेणु कुमारी घिमिरे र इन्द्रविलास कोइराला तथा खरिदारहरु विश्वदर्शन ढुंगाना, विष्णु प्रसाद पौडेल, सूर्यराज गिरी र गुडिया आचार्यलाई धन्यवाद दिन चाहन्छु। साथै सम्पादन, प्रशोधन एवं कम्प्युटरमा प्रविष्टी तथा डिजाइनमा योगदान पुऱ्याउनुहुने सुपरिवेक्षक श्री अर्जुन अधिकारी र लेखापाल श्री धर्म प्रसाद सापकोटालाई विशेष धन्यवाद दिन चाहन्छु। यसैगरी हामीलाई यो जिल्ला वस्तुगत विवरण तयारीको लागि आवश्यक बजेटको व्यबस्था तथा मार्गदर्शन प्रदान गर्नुहुने योजना, समन्वय तथा स्तरनिर्धारण शाखा; केन्द्रीय तथ्याङ्क विभागप्रति आभार व्यक्त गर्न चाहन्छु।

अन्त्यमा हाम्रै मूल्याङ्कनमा पनि यसभित्र अझैपनि रिक्तताहरू छन् र यो पूर्ण छैन। पूर्णता हुनै सक्दैन। परन्तु आगामी दिनमा सुधारका लागि हामी सुझावहरूको अपेक्षा गर्दछौं।

**जीवनाथ आचार्य**
तथ्याङ्क अधिकृत
तथ्याङ्क कार्यालय, चितवन

मिति : २०७५/०३/०१

# विषय-सूचि

**खण्ड १ : जिल्ला वस्तुस्थिति विश्लेषण** ........ १
१.१ नवलपरासी जिल्लाको ऐतिहासिक पृष्ठभूमि तथा नामाकरण ........ १
१.२ नवलपरासीको नामाकरण ........ ६
१.३ जिल्लाको भौगोलिक तथा भौतिक स्थिति चित्रण ........ ६
१.४ पर्यावरणीय स्वरुप ........ १२
१.५ जल भण्डार ........ १५
१.६ नवलपरासीका केही प्रमुख धार्मिक र ऐतिहासिक स्थलहरु ........ १७
१.७ नवलपरासी जिल्लाको मुख्य मुख्य गढीहरु ........ २१
**खण्ड २ : स्थानीय तहहरुको विवरण** ........ २३
२.१ स्थानीय तहको व्यवस्था ........ २३
२.२ भरतपुर महानगरपालिका ........ २४
२.३ कालिका नगरपालिका ........ ३७
२.४ माडी नगरपालिका ........ ४६
२.५ रत्नगर नगरपालिका ........ ५६
२.६ राप्ती नगरपालिका ........ ६६
२.७ खैरहनी नगरपालिका ........ ७६
२.८ ईच्छाकामना गाउँपालिका ........ ८६
**खण्ड ३ : जिल्लाको जनसंख्या** ........ ९५
३.१ जनसंख्या वितरण ........ ९५
३.२ जनसंख्याको आवयव विश्लेषण ........ ९५
३.३ प्रजनन् ........ १०१
३.४ अपाङ्गता भएका व्यक्तिहरुको विवरण ........ १०२
३.५ बसाईसराई ........ १०३
३.६ सामाजिक स्थिति ........ १०५
३.७ जिल्लाको आधारभूत जनसांख्यिक तथा सामाजिक सूचकहरुको अवस्था ........ १०९
**खण्ड ४ : शहरीकरण तथा वस्ती विकास** ........ १११
४.१ शहरीकरण तथा वस्ती विकासको स्वरुप ........ १११
४.२ वस्तीहरु ........ १११
४.३ वस्ती विकासको स्वरुप वस्ती श्रृङ्खला ........ १११
४.४ शहरी तथा ग्रामिण जनसंख्या वितरण ........ ११२
**खण्ड ५ : जिल्लाको आर्थिक तथा रोजगारी स्थिति** ........ ११४
५.१ जिल्लाको अर्थतन्त्रको संरचनात्मक स्वरुप ........ ११४
५.२ जिल्लाको अर्थतन्त्रको विशिष्टिकरण ........ ११४
५.३ क्षेत्रअनुसार रोजगरीको स्थिति ........ ११५
५.४ पेशाअनुसार रोजगारीको विवरण ........ ११६
५.५ कृषि तथा सिंचाई क्षेत्र ........ ११७
५.६ सहकारी संस्था तथा वित्तीय संस्था ........ १२५

# खण्ड १
# जिल्ला परिचय

## १.१ परिचय

नवलपरासी बर्दघाट सुस्ता पूर्व जिल्ला नेपालका ७७ जिल्लाहरू मध्ये देश कै मध्यभागमा पर्ने जिल्ला हो। प्रदेश नं. ४ मा पर्ने यस जिल्लाको क्षेत्रफल १,३३१.१६ वर्ग कि.मी. छ। जनसंख्या ३,११,६०४ रहेको छ र यस जिल्लाको जनसंख्या प्रदेशको जनसंख्याको १३.१ प्रतिशत अंश ओगटेको छ। परिवारहरूको संख्या ६६,९३४ रहेको छ। ग्रामीण क्षेत्रमा बस्ने जनसंख्या ९३,०४० वा २९.८६ प्रतिशत र शहरी क्षेत्रमा बसोबास गर्ने जनसंख्या २,१८,५६४ वा ७०.१४ प्रतिशत देखिन्छ। यो जिल्ला देशभरिमा नै सबैभन्दा बढी कुमाल (१२,१४८) को जनसंख्या भएको जिल्ला पनि हो। प्रदेश नं. ४ का २६ वटा न.पा. मध्ये ४ वटा नगरपालिकाहरू साथै ५८ वटा गा.पा.हरू मध्ये ४ गा.पा. यस जिल्लामा रहेका छन्। प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि २ वटा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि ४ वटा निर्वाचन क्षेत्रहरू कायम गरिएको छ।

साविकको नवलपरासी जिल्लाको सम्पूर्ण भू-भागलाई दाउन्ने डांडोले करीब बिचबाट चिरी पूर्व तर्फ नवलपुर क्षेत्र र पश्चिमतर्फ परासी क्षेत्र गरी २ भागमा बिभाजन गरेको थियो। पूर्वको नवलपुर र पश्चिमको परासी क्षेत्र गाभी २०१८ सालमा  नवलपरासी नामाकरण गरिएको थियो।

## १.२. भौगोलिक विभाजन

भौगोलिक दृष्टिकोणले नेपाल जस्तै पहाड र भित्री मधेशको संगमबाट बनेकोले यसलाई विविधताले भरिपूर्ण जिल्लाका रुपमा लिन सकिन्छ। यस जिल्लाको पूर्वी - दक्षिणी भाग र पश्चिम-दक्षिणी भागमा भित्री मधेश, उत्तर, उत्तर पूर्व र उत्तर-पश्चिममा पहाडी भेग अबस्थित छ। जिल्लाको भौगोलिक स्वरुपका आधारमा जिल्लामा देहाय बमोजिम बिभाजम बिभाजन गर्न सकिन्छ।

### क) पहाडी प्रदेश

जिल्लाको बीचमा पर्ने महाभारत लेकको उत्तरी एवं  दक्षिणी ढाल र महाभारत लेक हुदै दक्षिणतिर फैलिएर नारायणी नदीको किनारसम्म फैलिएको चुरे श्रृंखलालाई पहाडी प्रदेश मानिएको छ। यो क्षेत्र ५०० देखी १९३६ मी. सम्मको उचाईमा फैलिएको छ। यस क्षेत्रका अग्ला टाकुराहरूमा देबचुली १९३६ मी., बड्चुली १७६५ मी. र महल पोखरी १०३२ मी उल्लेखनीय छन्। यस क्षेत्र बाट गिरुबारी, अरुण, झरही, केरुङ्गे , तुयिर ,धनेवा आदि खोलाहरू दक्षिण तर्फ बगी नारायणी नदीमा तथा देउसत, फूलमादी, निरन्दि, बुंदी आदि खोलाहरू उत्तर तर्फ बगेर काली गण्डकीमा मिसिएका छन्। सिंचाईको पर्याप्त सुबिधा नहुदा यस क्षेत्रमा त्यति खाद्यान्न उत्पादन हुदैन। यहाँ प्रमुखरुपमा मकै, कोदो तथा खोलाका किनार वा आसपासमा धान खेती गर्ने गरिन्छ।  सुन्तला खेती र पशुपालन प्रशस्त संभावना बोकेको भए पनि कृषकहरू आकर्षित हुन सकेका छैनन्। यस प्रदेशको उच्च भेगमा लाली गुराँस,

ठिंग्रेसल्लो, गोब्रे सल्लो तथा तल्लो क्षेत्रमा साल, सिसौ आदिका रुखहरू पाईन्छन्। जिल्लाका ३ गा.पा. यस क्षेत्रमा पर्दछन्। यहांका प्रमुख बस्ती हरूमा डेढगाउं, बुलिङ्गटार, नगरडांडा, अर्खला, व्याघान आदि पर्दछन्।

**ख) भित्री मधेस**

महाभारत लेकको दक्षिण र चुरे पर्वतमाला संग जाडिएको पहिले पहिले ओलिया प्रदेश भनी चिनिएको समथर भू-भाग लाई भित्री मधेश भनिन्छ। जिल्लाको पूर्ब दक्षिणमा रहेको नवलपुर क्षेत्रनै भित्रि मधेशको रुपमा रहेको छ। यो क्षेत्र समुद्री सतहबाट करीब ३०० देखि ५०० मी. सम्मको उचाईमा पर्दछ। यो क्षेत्र पूर्वतर्फ सागुरिएको तथा दक्षिण-पश्शिमतर्फ निकै फुकेको छ। यस क्षेत्रको सालको जंगल नेपाल अधिराज्यमा सबभन्दा राम्रो मानिन्थ्यो। यस क्षेत्रमा मुख्य खाद्य बालीहरूमा धान, मकै र गहूं पर्दछन। यस क्षैंत्रमा ३ वटा न.पा.हरू र १ वटा गा.पा. पर्दछन्। गैडाकोट, रजहर, प्रगतीनगर, कावासोती, शिबबस्ती, अरुणखोला, चोरमारा र दुम्किबास यहांका प्रमुख बस्तीहरू हुन्।

जिल्लाको सबै गाविस र क्षेत्रहरू भौगोलिक, सामाजिक र आर्थिक दृष्टिकोणले एकै स्तरमा विकसित हुँदै गएको अवस्था छैन। भौगोलिक विविधताका आधारमा यस जिल्लालाई निम्न क्षेत्रहरूमा विभाजन गर्ने गरिएको छ।

**तालिका १.१ : भौगोलिक क्षेत्रहरूको विवरण**

| क्र.सं. | भौगोलिक क्षेत्र | गा.वि.स. संख्या | गा.पा.तथा न.पा.हरूको नाम |
|---|---|---|---|
| १ | पहाडी क्षेत्र | ३ गा.पा. | बुडदीकाली, बुलिङ्गटार, हुप्सेकोट |
| २ | भित्री मधेस क्षेत्र | ४ न.पा. र १ गा.पा | गैडाकोट, कावासोती, देवचुली, मध्यबिन्दु न.पा.हरू र विनयी त्रिवेणी गा.पा.हरू |

## १.३. भौगोलिक अवस्थिति

**सिमाना :**

- पूर्ब : चितवन
- पश्चिम : नवलपरासी वर्दघाट सुस्ता पश्चिम
- उत्तर : पाल्पा र तनहुँ
- दक्षिण : भारत र चितवन राष्ट्रिय निकुञ्ज
- क्षेत्रफल :१,३३१.१६ बर्ग कि.मी.

## १.४ जलबायु

उत्तरतर्फको जलबायु महाभारत र चुरे पर्वत श्रृंखला बाट प्रभाबित भएकोले पहाडी क्षेत्रमा हिंउदमा बढी जाडो र गर्मीको समयमा शितल हुन्छ। भित्रि मधेशमा हिंउदमा सामान्य जाडो भएता पनि कहिलेकाही हुने शितलहरले ज्यादै जाडोको महशुस हुन्छ र गर्मीमा गर्मीको महशुस हुन्छ। यस जिल्लाको सरदर अधिकतम् तापक्रम ३७ डिग्री न्यूनतम तापक्रम ५ डग्री सेल्सियस भएको पाईन्छ। जिल्लामा औसत बार्षिक बर्षा २१४५ मी. मी. हुन्छ।

**क) समशितोष्ण हावापानी**

नवलपुर क्षेत्रको उत्तरमा पर्ने महाभारत प्रदेशमा यस प्रकारको हावापानी पाईन्छ। यहांको औसत अधिकतम तापक्रम ३० डिग्री र न्यूनतम तापक्रम १५ डिग्री सेल्सियस हुन्छ। यस भेगमा प्रायजसो मनसुनी बायुले बर्षा हुने गर्दछ।

**ख) उष्ण तथा अर्धउष्ण हावापानी**

भित्रि मधेश, चुरेक्षेत्रमा यस प्रकारको हावापानी पाईन्छ। यहां गर्मीयाममा निकै गर्मी र जाडोयाममा बिहान बेलुका जाडो हुने गर्दछ। भित्री मधेश क्षैत्रमा गर्मी याममा अधिकतम तापक्रम ३७ डिग्री र जाडोयाममा न्युनतम तापक्रम ५ डिग्री सेल्सियस सम्म पाईने गरेको छ।

### १.५. जलभण्डार

**क) नदी खहरे**

यस जिल्लाका करिब ४० भन्दा बढि प्रमुख नदीहरू तथा अन्य खोला खहरेहरू रहेका छन्। यहाँका प्रमुख नदीहरूमा नारायणी, तुरीया, झरही, गिरुबारी, बिनयी, अरुणखोला र धनेवालाई लिन सकिन्छ। चुरे पहाडबाट निस्कने कतिपय खहरेहरू बर्षायाममा बाढीको रुपमा आउने र हिंउदमा सुक्ने गर्दछन्। तसर्थ यिनीहरूबाट खासै लाभ लिन सकिएको छैन।

### १.६ व्यापारिक महत्त्वका केन्द्रहरू

क) बजार : गैंडाकोट बजार, बेल्डिया बजार,रजहर बजार, दुम्कौली बजार, दलदले बजार, प्रगतीनगर बजार, कावासोती बजार, डण्डाबजार, चोरमारा बजार, अरुणखोला बजार, दुम्किबास बजार, दाउन्ने बजार ।

ख) व्यापारिक महत्वका हाटबजार चोरमारा हाटवजार –तमसरिया, रजहर हाटबजार, दुम्किबास हाटबजार, प्रगतिनगर हाटबजार, कावासोती हाटबजार, डण्डा हाटबजार, त्रिबेणी हाटबजार।

### १.७ राजनीतिक एवं प्रशासनिक विभाजन

देशको प्रशासनिक विभाजन अनुसार २०७२ सालमा जारी भएको संविधान अनुरुप प्रदेश नं. ४ अन्तर्गत साविकको नवलपरासी जिल्लाको वर्दघाट सुस्ता पूर्वलाई विभाजन गरि यस जिल्ला बनाईएको थियो। राज्यको पुनसंरचना हुदा साविकका गा.वि.स. तथा न.पा.समाहित गरी ८ वटा स्थानीय तहमा विभाजन गरिएकृ छ। यस जिल्लामा हाल ४ नगरपालिकाहरू र ४ गाउँपालिकाहरू रहेका छन्। प्रतिनिधि सभा सदस्यको निर्वाचनको दृष्टिकोणले यस जिल्लालाई २ वटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको भएता पनि प्रदेश सभा निर्वाचनका लागि नवलपरासी जिल्लालाई ४ वटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ।

## १.८ वनस्पति तथा वन्यजन्तुहरू

### (क) वनस्पति र जडिबुटी

यस जिल्ला जैविक विविधताले महत्वपुर्ण मानिन्छ, उक्त क्षेत्रमा पाइने मुख्य जडिबुटीहरूमा हर्रो, बर्रो, अमला, टिमुर, सजिवन, कुरिलो, गुर्जो, बोझो, पिपला, रिठ्ठा, भ्याकुर, लप्सी, बेल आदि हुन् । तर यि जडिबुटीको व्यवसायिक प्रयोजनका हिसावले प्रयोग भएको भने पाइदैन ।

### (ख) वन्यजन्तु

जिल्लामा पाइने मुख्य जनावरहरूमा पाटे बाघ, चितुवा, भालु, बँदेल, दुम्सी, खरायो, स्याल, रतुवा मृग लङ्गुर, बादर, जंगली बिरालो, हात्ती, गैडा, निलगाई, बाह्रसिंहा आदि छन् भने चराचुरूङ्गीमा काग, परेवा, चिवे, कालिज, लाटोकोसेरा, भंगेरा, मैना, सुगा, बाज, ठेउवा, जुरेली, फिस्टा, तित्रा, बकुल्ला, चिल, गिद्ध, वनकुखुरा, ढुकुर,राजहाँस, मयूर जस्ता पंक्षी पाईन्छन् । गोहारो, गोही, अजिङ्गगर, सर्प, छेपारो, माउसुली जस्ता सरीसृप, भ्यागुतो जस्ता उभयचर, विच्छी, फट्यांग्रा, वन मौरी, अरिङ्गाल, बारूलो र विभिन्न जातका अन्य किराहरू पाईन्छन्। खोलाहरूमा अन्य जलचरको अतिरिक्त सहर माछा समेत पाइन्छ ।

## १.९ जातजातिहरू

यस जिल्लामा रहेका कुल जनसंख्याको जातिय बनावट हेर्दा बहु सम्प्रदायीक जातजातिहरू पाउन सकिन्छ। खासगरी आर्य (Indo-Aryan) र मंगोलियन (Tibeto-Burmans) सम्प्रदायहरू अन्तर्गतका विभिन्न जातजातिहरू विगत देखिनै बसोवास गर्दै आएका छन्। आर्य सम्प्रदायमा तहगत हिन्दु जात समुह रहेको छ भने यसै अन्तर्गत पेशागत जाति समुह (दलित जातिहरू) पनि यस जिल्लामा रहेका छन् । मंगोलियन सम्प्रदायहरूम मगर,थारु गुरूङ आदि मुख्य रहेका छन् । यस जिल्लामा रहेका जातजातिहरू मध्ये सबैभन्दा बढी मगर त्यसपछि ब्राहमण (पहाड) ,थारु तथा क्षेत्रीहरूको बाहुल्यता रहेको छ । कावासोती, गैडाकोट, देवचुली आदिमा ब्राह्यमणहरूको बाहुल्यता देखिन्छ । यद्दपि प्राय सबै न.पा. तथा गा.पा.हरूमा ब्राह्यमणहरू बसोबास गर्दै आएका छन्। जिल्लाको पहिलो स्थानमा रहेको मगर जाति बाहुल्यता भएका गा.पा.हरूमा हुप्सेकोट, बुलिङ्गटार, बुङ्दिकाली र विनयी त्रिवेणी रहेका छन्। जिल्लाको तेस्रो ठुलो जातिमा पर्ने थारुहरू बाहुल्यता भएको न.पा.मा मध्यबिन्दु रहेको छ।

## १.१० धार्मिक परम्परा र चाडपर्वहरू

यस जिल्लामा हिन्दूं, बौद्धमार्गी तथा मुस्लिमहरूका ऐतिहासिक पक्षहरूसँग जोडिएका प्रसिद्ध मन्दिर, गुम्बा तथा मस्जिदहरू रहेका छन्। त्रिबेणीधाम, दाउन्नेदेबी, कैलाश आश्रम, मौलाकालिका मन्दिर, कुमारवर्ती, रुद्रपुरगढी, देबघाट, नारायणघाट, घुमारिघाट आदि यस जिल्लाका महत्वपूर्ण धार्मिक क्षेत्र हुन्। यस जिल्लामा सांस्कृतिक महत्वका निकै रोचक, आकर्षक र बृहत् जात्रा एवं मेलाहरू पनि आवधिक रूपमा लाग्दछन् । विशेषरुपमा बुद्धजयन्ती, शिवरात्री, रामनवमी, विजयादशमी, मकर सक्रान्ति, जनै पुर्णिमा, फागु पुर्णिमा आदि अवसरमा मेला लाग्ने गर्दछन्।

यस जिल्लामा अन्य जिल्लाहरूको जस्तै जातजाती विशेषले मान्दै आएका चाडपर्वहरू फरक फरक

रहेका छन्। प्रत्येक जातीहरूको भाषा, सस्कृति तथा भेषभुषा हिन्दु धर्म मान्ने अधिकाशं जातजातीहरूले बडादशैं, तिहार, माघेसंक्रान्ति, फागुपुर्णिमा, चैते दशैं, चण्डी पूर्णिमा, साउने संक्रान्ति, जनै पूर्णिमा, तिज, कुलपुजा/दिवाली आदि प्रमुख रहेका छन्। जिल्लामा बसोबास गर्ने आदिवासी जनजातिहरूका आ-आफ्नै रीतिरिवाजहरू रहेका छन्। जिल्लामा प्रमुख जाति मगर समुदायहरूले मान्दै आएको मुख्य चाडपर्वहरूमा माघे संक्रान्ति, भूमे पर्व, दशैं, तिहार, चैते दशै, साउने संक्रान्ति बुद्ध जयन्ती, प्रमुख रहेका छन्।। त्यस्तै नेवार जातिहरूले मान्दै आएका मुख्य चाडपर्वहरूमा बैशाख पुर्णिमा, सिठी नखः गठेमंगल, दशैं, लक्ष्मी पूजा, म्ह पूजा, किजा पूजा, श्रीपञ्चमी आदि मुख्य रहेका छन्। गुरूङ जातिले तमु लोच्छार, दशैं, तिहार आदि मान्ने गर्दछन

यस जिल्लाका थारु जातिहरूले मुख्य गरी माघी, फागु पुर्णिमा,, भूमि पुजा आदि मुख्य रहेका छन्। मुसलमानहरूले आफ्नै धर्म विशेषका पर्वहरू मान्ने गर्दछन्। केही परम्परा तथा रीतिरिवाजहरू भने लोप भैसकेका छन्।

## १.११ जिल्लाका प्रमुख पर्यटकीय क्षेत्रहरू

यस जिल्लामा खास गरी पर्यावरणीय पर्यटन, कृषि पर्यटन, धार्मिक पर्यटन, शैक्षिक पर्यटन, साहसिक पर्यटन तथा होमस्टेका प्रशस्त स्थानहरू रहेका छन्। यसका बाहेक पर्यटकीय सम्भावना बोकेका केही गन्तव्य स्थलहरू समेत रहेका छन्। यस जिल्लाका प्रमुख पर्यटकीय स्थानहरूमा वाल्मिकी आश्रम, दाउन्नेदेवी, त्रिवेणी, देवघाट, मौलाकालिका आदि प्रमुख रहेका छन्। जिल्लाका केही गाविसहरूले ग्रामीण पर्यटन प्रवर्धनका लागि होमस्टेको शुरूवात पनि गरेका पाइन्छ।

**तालिका १.२ : जिल्लाका प्रमुख पर्यटकीय तथा धार्मीक स्थलहरू**

| क.सं. | प्रमुख स्थलहरू | गा .पा./न.पा. | के का लागि प्रसिद्ध | दुरी(कि.मि.) |
|---|---|---|---|---|
| २ | त्रिवेणी धाम | विनयी त्रिवेणी | वाल्मिकी आश्रम | वर्दघाटबाट २५.५ |
| ३ | दाउन्ने देवी | विनयी त्रिवेणी | वाल्मिकी अन्य ऋषिमुनीको तपस्थल | वर्दघाटबाट ८ |
| ४ | मौलाकालिका मन्दिर | गैडाकोट | देवघाटको ताजको रुपको तीर्थस्थल | गैडाकोटबाट २.५ |
| ६ | नारायणी धाम | कावासोती | ग्रामीण तथा पर्या पर्यटक र प्राकृतिक | डण्डाबाट १० |
| ९ | अकलादेवी | बुडदीकाली | धार्मीक स्थल | दलदलेबाट ४९ |
| १० | कैलास सन्यास आश्रम | गैडाकोट | धार्मिक,पर्यटकीय र प्राकृतिक सम्पदा | बेल्डियाचोकबाट १.५ |
| ११ | घुमाउरीघाट | बुलिङ्टार | धार्मिक,पर्यटकीय संभावना | दलदलेबाट ३६ |
| १२ | शिवपुर गढी | विनयी त्रिवेणी | धार्मिक,पर्यटकीय र ऐतिहासिक | वर्दघाटबाट १० |
| १३ | देवचुली डाँडा | देवचुली | धार्मिक,पर्यटकीय र प्राकृतिक सम्पदा | ५ |
| १६ | दिव्य नृसिह धाम | गैडाकोट | धार्मीक स्थल | गैडाकोटबाट नजिक |

### (१) त्रिवेणी धाम -विनयी त्रिवेणी गा.पा.)

त्रिवेणी धाम यस जिल्लाको दक्षिण भागमा पर्दछ। यो वर्दघाटबाट २५.५ कि.मी. तथा नवलपरासी

वर्दघाट सुस्ता पश्चिमको सदरमुकाम परासीबाट ३४ कि.की दक्षिण पूर्वमा अवस्थित छ। सोना, तमसा, सप्तगण्डकी नदीहरूको समिश्रण नै त्रिवेणी हो जुन भारतको प्रयाग जतिकै श्रदा र आस्थाको केन्द्रको रुपमा रहेको छ। त्रिवेणी नदी पारी वाल्मीकि आश्रम रहेको जहा वाल्मीकि ऋषिको मूर्ति, सीता, लवकुस गणेशका मुर्तिहरू छन। सीता पाताल प्रवेश गरेको स्थल, सीताले फलफूल खाएको स्थल, अमृत कुवा, वाल्मीकि ऋषिको हवन कुण्ड, लवकुशले घोडा वाधेको ढुगाको खम्वा, लवकुशलाई शिक्षा दिइएको स्थल आदि रहेका छन। यो स्थल चितवन जिल्लामा पर्ने भए पनि भारतीय वाटो हुदै वा नेपालबाट नारायणी नदीमा डुगां तरी जान सकिन्छ। नारायणी वारी राधाकृष्ण, हनुमान, शिव-पार्वती, दुर्गा भवानी, गजग्राह, लक्ष्मीनारायण आदि संयौ मन्दिरहरू छन्। यहाँ माघे औसीमा पवित्र नदीमा स्नान गर्न नेपाल तथा भारतवाट लाखौंको संख्यांमा तिर्थयात्रीहरू आउने गर्दछन्। सो अवसरमा यहाँ ३ दिन सम्म ठूलो मेला लाग्ने गर्दछ। त्रिवेणीमा स्नान गर्नाले पूण्य मिल्छ, मोक्ष प्राप्त हुन्छ भन्ने विश्वास गरिन्छ।

### (२) दाउन्ने देवी - विनयी त्रिवेणी गा.पा.)

१०२३ मी. उचाईमा महेन्द्र राजमार्गको छेउमा, दाउन्ने पहाडको काखमा रहेको यो मन्दिर र देवीको प्रतिस्थापन वि.स. १८८० मा प्रभाकरले गरेको वताईन्छ। यो स्थानमा यातायातको सुगमताका कारण प्रसिद्ध र प्राथनीय रहेकी छन्। राणाकालिन प्रधानमंत्री जंग वहादुरको सौजन्यवाट उक्त मूर्ति प्राप्त भै त्यहां स्थापनामा गरिएको भनिएको छ। मन्दिर रहेको स्थान समुद्र सतह देखि १०३३ मी उचाईमा हुदा प्रायस वर्षै भरि त्यहां ठण्डा रहन्छ। फाल्गुण देखि आश्विनको मसान्त सम्म नै यहाँ वनभोज खान जानेको घुईचो लाग्ने गर्दछ।

### (३) मौला कालिकामन्दिर (गैडाकोट न.पा.)

मौलाकालिका मन्दिरको आज भन्दा करीव २०० वर्ष अगाडी पाल्पाली राजा मुकुन्द सेनको राज्यक्षेत्र भित्र पर्ने र अलिक उच्च स्थानमा भएकाले त्यहां एक सैनिक टुकुडी राज्य रक्षाको लागि रहदा तिनै सैनिकहरूद्धारा पूजा आजा गरी स्थापित भएको भन्ने कुरा विभिन्न व्यक्तिहरूले बताए पनि त्यो कतै प्रमाणमा फेला परेको भने पाइएको छैन। तर पनि अन्यत्र राज्यहरूको अवलोकनमा पनि यस्तै उच्चो भागमा राजदरवार वा कालीको मन्दिर पाइएको हुदा त्यो केहि हदसम्म सांचो हुन सक्छ। २०३२ सालमा काशीनाथ पौडेल र कुमानसिं गुरुङवाट बनेको मन्दिरले क्रमश: व्यापकता र प्रसिद्धि पाउन थाल्यो। २०३७ सालमा धार्मिक सेवा समिति मौला कालिका मन्दिर गैडाकोट भन्ने औपचारिक नामाकरण गरी एक समिति स्थापना भयो। यसको प्रमुख उद्देश्य बैधानिक परिपाटी भित्र रहेर हिन्दु नेपाली नागरिकहरूको मानसिक विकास र समय अवस्था सुहाउदो धार्मिक कार्यहरू गर्दै सांकृतिक सार्वजनिक सम्पदाको संरक्षण एवं सदुपयोग गर्ने, पूजापाठ, जीर्णोद्धार, वातावरण संरक्षण, धार्मिक स्वच्छता कायम गर्न रहे अनुसार सो बमोजिम काम भएको छ। समितिको व्यापक सक्रियता र अपूर्व जनसहयोगले गर्दा एक तले एक ढोका भएको मन्दिरको निर्माण भएको थियो। पछि २०५२ साल जेष्ठ २७ गते पुन: त्यही स्थानमा वयोवृद्ध श्री प्रतिमान पौडेलवाट शिलान्यास पछि नव मन्दिर निर्माण

कार्य तीव्र रुपमा भयो। समितिको सक्रियता र जनसहयोग, शाही सैनिक व्यारेक पशुपति प्रसाद गण भरतपुर र मध्य क्षेत्र प्रहरी तालिम केन्द्र, भरतपुरको सहयोगमा ३ तले प्यागोडा शैलिमा हालको मन्दिर तयार भएको हो। मन्दिरमा जाने वाटोको कठीनलाई मध्यनजर राखी देवघाट क्षेत्र विकास समितिको गुरुयोजना बमोजिम बाघखोर देखि मन्दिर सम्म छपनी ढुगाहरूबाट सिंडी मार्ग (ट्र्याक रोड) निर्माण कार्य सम्पन्न भै सकेको छ।

**(४) शिवपुर गढी -विनयी त्रिवेणी गा.पा.)**

शिवपुर गढी निकै पुरानो ऐतिहासिक क्षेत्र हो विनयी त्रिवेणी गा.पा. वडा नं. ७ मा अवस्थित छ। बर्दघाट बजारबाट १० कि.मी. दक्षिण गोपिगंज चोक र त्यस चोकबाट करिब १२ कि.मि पूर्वमा यो गढी रहेको छ। शिवपुर गढी भूरे राजा (बाईसे, चौविसे) हरूको पालाको दरबार जुन क्षेत्र तत्कालिन राजाहरूको पालमा हतियार राख्ने ठाउँ थियो भन्ने भनाई छ। यहाँ मुस्लिम अक्षरमा कुदिएको सिक्काहरू, गोलिहरू, तरबारहरू फेला परेको छ। यो दरबार बन्धु सिंह नामका राजाले निर्माण गरेका हुन। यो दरवार करिब १५० बर्ष पूरानो दरबार हो। यस भित्र १२ कोश लामो सुरुङ्ग भएको अनुमान गरिएको छ। यो दरबार क्षेत्र भएतापनि यस क्षेत्रको वरपर दुर्गा एवम शिवको मुर्ति र मन्दिर रहेको छ। धार्मिक, ऐतिहासिक एवम पर्यटकिय क्षेत्र भएकाले यो निकै सुन्दर ठाउँ छ। यसको परिसरमा बुद्धको धार्मिक कार्यहरू सम्पन्न हुन्छन्। यहाँ गाउँ घरका सम्पूर्ण विवाह, व्रतबन्ध तथा धार्मिक कार्यहरू सम्पन्न हुन्छन्। यहाँ विशेषगरि शिवरात्री, चैत्रदशै र विजयादशमी को बेलामा निकै रमाईलो तथा भिडभाड हुने गर्दछ। यहाँ यस जिल्लाकै सबैभन्दा ठुलो त्रिशुल ( ५१ किलो ) पनि रहेको छ। यहाँ तत्कालिन राजाको पालामा पानी पिउनको लागि निर्माण गरिएको कुवा पनि रहेको छ। सांस्कृतिक परिवार र मानव आधिकारवादी संस्था ( रिलेक क्लब ) द्वारा भैलो र अन्य कार्यक्रम संचालन गरी मन्दिर निर्माण गरिएको छ।

**(५) थारु भिलेज -कावासोती न.पा..)**

**(६) रुद्रपुर गढी -हुप्सेकोट गा.पा.)**

बाइसी चौबिसी राज्यकालमा रुद्रसेन नामक राजाको बसोबास भएकोले यस गढीको नाम रुद्रपुर गढी रहन भएको हो। साविकका धौवादी र जौवारी गाविसको सिमानामा पर्ने यस गढीमा अहिले पनि दरबारको भग्नावशेष देख्न सकिन्छ। बाह्रै महिना चिसो हावा बग्ने यस गढीबाट चारैतिर मनोरम प्राकृतिक दृश्यहरूले भरपुर आनन्द लिन सकिन्छ।

**(७) कैलाश आश्रम**

नवलपरासी जिल्ला गैडाकोट न.पा. मा अवस्थित कैलाश सन्यास आश्रम पुर्व पश्चिम राजमार्गको (नारायणगढ देखी १५ कि.मि. पश्चिम र बुटवलदेखी ९९ कि.मि पुर्व) बेल्डिहा चोक देखी करिब १.५ कि.मि. दक्षिण कच्चि ग्राभेल बाटोबाट जान सकिने मनोरम नारायणी नदीको तट तथा विश्व सम्पदा सुचिमा सुचिकृत चितवन राष्ट्रिय निकुञ्जको सम्मुखमा सिखौली ग्राममा अवस्थित छ। पौराणिक कथन

अनुसार भगवान विष्णुले त्रिवेणी धामका गजराजलाई ग्रहबाट मुक्त गराउन हतारमा वेगका साथ आउँदा विष्णुको शिरको मुकुट यस स्थानमा गिरेकाले यस स्थानको नाम सिरमौली रहन गएको र कालान्तरमा अपभ्रंसित हुँदै जाँदा सिखौली भएको कथन छ । सिरमौली ग्रामको विषयमा हिन्दु धार्मिकग्रन्थ हरिवंश पुराणमा समेत व्याख्या गरिएको पाइन्छ ।

धर्मानुरागीहरूको कथन अनुसार यहाँ कुदिएका मुर्तिहरू द्वापर युगका हुन्। पाँच पाण्डव वनवास जाँदा यस स्थानमा बास वसेको र यहाँका पाच जनाले समेत उचाल्न नसक्ने ढुङ्गा भिमसेनले कुदेर बोकेका हुन भन्ने कथन छ तथापी कुनै ठोस प्रमाण भने प्राप्त छैन । यहाँको भग्नावशेष मन्दिर करिब वि.सं. ६५२ सालमा निर्माण भएको र करिब वि.सं. १३६२ मा मुसलमान, र हिन्दु युद्धमा हिन्दुस्तानका मुसलमान बादशाह गया सुद्धिन अवलक तुलक भन्ने बादशाहले नेतृत्व गरेको फौजले भत्काएको भनि स्व. योगी नरहरीनाथको भनाई रहेको स्थानीयवासीहरू माझ सुनिए तापनि यसको समेत कुनै लिखित प्रमाण भने छैन । अर्कोतर्फ इतिहास विदहरूको कथन अनुसार पाल्पाली राजा मुकुन्दसेनको दरवार यसै स्थानमा थियो। यी ढुङ्गाहरू तिनै राजाको दरवार निर्माणमा प्रयोग भएको हो र भग्नावेशष भवन समेत राजाको दरवार भएको भन्ने गरिन्छ। यस कुरालाई आधारमान्न सकिने संभावनामा बुटवलको फुलवारीमा रहेको मुकुन्दसेनको दरवारको भग्नावशेष र यहाँ रहेको भग्नावशेष समान हुनु साथै यसै आश्रमको उत्तर तर्फे चुरे पहाडमा रहेको मणि मुकुन्द सेनको दरवारको भग्नावशेष संग मिलेता पनि यसको कुनै ठोस प्रमाण जुटाउने कार्य हुन सकेको छैन। एकपटक २०५८ सालमा पुरातत्विक विभागका अनुसन्धानकर्ताहरू आई अवलोकन गर्दा यो क्षेत्रमा रहेका कलात्मक मुर्तिहरू उपत्यका बाहिर यहाँ मात्र पाइएको हो भन्ने कुरा जानकारीमा आएतापनि सोको परिक्षण गरिएको भने होइन ।

यस आश्रम परिसर करिब ४-१०-४( चार विगाहा दश कठ्ठा चार धुर) क्षेत्रफलमा फैलिएको छ। जसमध्ये १-१३-० कैलाश आश्रमको नाउँमा दर्ता रहेको र २-१७-४ जग्गा  ८ नं. प्रति रहेको छ। यहाँ  सदियौं पुराना साल, सल्लो, हर्रो, अमला, रुद्राक्ष, बर्रो, सिसौ, हरचुर, राजवृक्ष, रामदतिव, ईत्यादी  लगायत उष्ण, सितोष्ण र समसितोष्ण प्रदेशमा पाइने जातको रुखहरू एकै ठाउँमा पाइने हुँदा यहाँ प्रवेश गर्दा वनस्पति संग्राहलयमा प्रवेश गरेको अनुभव समेत हुन्छ र यहाँ सदियो पुराना र बडो कलात्मक तवरले कुँदिएका हिन्दु आस्थाका आराध्य देवहरूको मुर्ति र विभिन्न आकृतिका चित्र कुँदिएका कलात्मक ढुङ्गे चित्रहरू र ढुङ्गा नै ढुङ्गाको भग्नावशेष मन्दिर समेत रहेको छ । यस क्षेत्र धार्मिक, ऐतिहासिक र पर्यटकिय रुपमा आकर्षक रहेको कुरामा दुइमत छैन किनकी धर्मानुरागीहरूकै कथनलाई आधार मान्ने हो भने पनि यहाँ उत्खनन् तथा जिर्णोद्धार गरी हिन्दुहरूको आकर्षक तिर्थस्थलको रुपमा विकास गर्न सकिने महत्व बोकेको ठाउँ हो। यसका साथै ऐतिहासिक दृष्टिकोणले हेर्ने हो भने पाल्पाली राजा मुकुन्दसेनको दरवार भनिएको भग्नावशेष क्षेत्रलाई उत्खनन् तथा जिर्णोद्धार गर्दा इतिहासको गर्भमा रहेका कुराको जानकारी समेत यहाँवाट प्राप्त गर्न सकिनेछ । जसले गर्दा नेपालको इतिहास विदहरूलाई यो क्षेत्र एक अध्ययन स्थल समेत बन्न सक्दछ ।

यहाँको अर्को विशेषता वा महत्व भनेको आश्रम क्षेत्रमा हुर्किएका, हुर्काइएका विभिन्न प्रजातिका विरुवाहरू हुन जुन विरलै रुपमा एकै प्रदेशमा पाइने गर्दछन। यहाँ सल्लो, साल, सिसौ, रुद्राक्ष, हर्रो,

बर्रो, अमला, साज, हरचुर, राजवृक्ष, रामदतिवन इत्यादी जस्ता प्रजातिले हरियाली प्रदान गरेको छ। विभिन्न प्रजातिका र विभिन्न वातावरणमा पाइने वृक्षहरू एकै ठाउमा भएको यस जिल्लाको नवलपुर क्षेत्रकै यो एकमात्र आश्रमको समुचित विकास गर्न सकेमा वनस्पति विज्ञहरूका लागि समेत अध्ययन थलो हुनेछ। स्थानीयवासीहरूले यस आश्रम परिसरलाई वनस्पती संग्रालयको रुपमा समेत चर्चा गरेको पाइन्छ।

यस क्षेत्रको अर्को महत्वपुर्ण पक्ष विश्व सम्पदा सुचिमा सुचिकृत चितवन राष्ट्यि निकुञ्ज र स्वच्छन्द नारायणी नदीलाई समेत मान्न सकिन्छ। चितवन राष्ट्रिय निकुञ्ज जहाँ आश्रित लोपोन्मुख वन्यजन्तुहरू जस्तै गैंडा, बाघ, भालु, हरिण, मृग, मयुर ईत्यादी जनावरहरू सजिलै खुल्ला आँखाले यस आश्रमबाट दृष्यावलोकन गर्न समेत सकिन्छ। नारायणी नदीमा जल विहारको विकास गर्न सकेमा यस आश्रमको समिपमा पश्चिम तर्फ रहेको चितवन राष्ट्रिय निकुञ्जको कुजौली प्रवेशद्धारसम्म जलविहार मार्फत पर्यटकलाई निकुञ्जको समेत अवलोकन गराउन सकिने अवस्था रहेको छ। साथै यस आश्रमको पुर्व तर्फ रहेको करिब ८ विगाहा क्षेत्रफलको सार्वजनिक गौचरलाइ व्यवस्थित खेल मैदान, पिकनिक स्थल र पार्कको रुपमा विकास गर्न सकिन्छ जसले गर्दा यो क्षेत्र आन्तरीक तथा बाह्य पर्यटकको लागि प्रमुख गन्तब्य स्थलको रुपमा विकास हुने छ।

यो क्षेत्रको विकास गर्न सकेमा यस क्षेत्रमा स्थानीय रैथान परम्परागत व्यवसायको विकास भइ आधुनिकिकरण हुने तथा समग्र रुपमा आर्थिक विकास भइ राज्यको आर्थिक विकासमा समेत टेवा पुग्ने कुरामा दुइमत छैन।

### (८) लक्ष्मी नृसिंह दिव्यधाम

दिव्य नृसिंहधाम गैडाकोट न.पा. गङ्गानगरमा अवस्थित एक धार्मिक स्थल हो। स्वामी सन्तनारायणीजीले वि.सं. २०३८ सालमा जमिन खरिद गरी २०४० सालमा मन्दिर, धर्मशाला र त्यसको प्रङ्गण विस्तार गर्नुभएको हो। नृसिंह भगवानको कृपा सम्पुर्ण भक्तहरूमा हुने विश्वास यस क्षेत्रका जनतामा छ। यो स्थानमा व्यवस्थित रुपमा मन्दिर बनाउने, वरिपरि, धर्मशाला, अतिथिगृह आदि निर्माण गर्ने स्वामीजीको सोच र दाताहरूको दान तथा त्यस कार्यमा स्थानिय व्यक्तिहरूको सहयोग समेतको कारण मन्दिर निर्माण गरिएको हो। अहिले मन्दिर, धर्मशाला र अतिथि निवास र काम गर्नेहरूका लागि आवास समेत तयार भईसकेको छ। भगवानको मूर्तिहरूको प्रतिस्थापना, पार्श्वर्ती विभूतिहरूको मूर्ति स्थापना समेत वडो कलात्मक ढङ्गले गरिएको छ। मन्दिर र त्यसको परिसर अति मनेरक देखिएको छ। यहाँ भजनकिर्तन तथा धार्मिक पर्वहरूमा श्रद्धालुहरूको घुइचो लाग्दछ।

### (९) देवचुलीः

देवचुली यस जिल्लामा पर्ने महाभारत पर्वत श्रृङखलाको सबै भन्दा उच्च चुली हो यसको उचाई १९३६ मिटर रहेको छ। यहाँबाट उत्तरतर्फ मनै लोभ्याउने हिमाली दृश्य तथा दक्षिण तर्फ तराईका समथर मनोरम भूमि दृश्यालोकन गर्न सकिन्छ। यस चुलीको करिब १८०० मिटरको उचाईमा ३० मिटर लम्बाई रहेको प्राकृतिक गुफा रहेको छ जसमा प्रवेशका लागि करिब ११ फिट लम्बाईको भऱ्याङको मद्दत लिनु पर्दछ। यस गुफामा द्वापर युगमा पाूच पाण्डव द्रौपदी सहित केहि सयम गुप्तवास

बसेको किंवदन्ती समेत रहेको पाइन्छ। यहाँ प्रत्येक बर्षको चैत्र शुक्ल पूर्णिमाका दिन धुमधाम साथ तीनकन्या माईको नाममा पूजा गरिन्छ। तीनकन्या माईको भक्तिभाव पूर्वक पूजाआजा गर्नाले सुख सम्पति प्राप्त हुने जनविश्वास रहेको छ। यस क्षेत्रमा विभिन्न वनस्पति, जिवजन्तु तथा चराचुरुडी एवं लोपोन्मुख अवस्थामा रहेका जडिबुटिहरू पाइन्छन्।

### (१०) अकलादेवी डेडगाउँ

यस जिल्लाको बुङ्दिकाली गा.पा. वडा नं. २, डेढगाउ मा अकलादेवी भगवतिको मन्दिर अवस्थित छ। यो स्थान दलदले बजारदेखि करिब ४८ कि.मी. उत्तरमा पर्दछ। पुरानो किंबदन्ती अनुसार उहिले नदीको किनारामा बस्ने दरै जातिहरू माछा मारेर, डुंगा तारेर, बासका सामग्रीहरू तयार गरेर जीविकोपाजर्न गर्थे। लामो समयसम्म पानी नपरेर आकुल व्याकुल हुँदा कालिगण्डकी नदीको तिरैतिर पानी माग्दै देवीको आरधना गरी भौतारिएर यही ठाउँमा बास बस्न पुगेछन्। यसैको नजिक नुनजरो भन्ने ठाउँमा कुवा भएकोले खाना खाएर विश्राम गर्न हाल देवी रहेको स्थानमा गएछन् र राती एकजना दराईलाई सपनामा देवीले पानी पार्ने तर उक्त ठाउँमा ढुंगाको सिला स्थापना गरी देवीको पूजा अर्जना गर्ने सर्त राखेको हुनाले सोही समयदेखि अकलादेवीको स्थापना गरी पुजाआजा गर्न थालिएको हो भन्ने गरिन्छ।

देवीस्थानको नामले चिनिएको यो मन्दिरप्रति यस क्षेत्रका मानिसहरूको ज्यादै ठूलो जनविश्वास रहेको छ। तनहु, स्याङजा, पाल्पा, नवलपरासी जिल्ला लगायतका स्थानहरूबाट दैनिकरुपमा पुजाआजा गर्न आउने मानिसहरूको घुइचो लाग्दछ। यहाँ पूजा गर्नाले आफ्नो मनोकांक्षा पुरा हुने विस्वास छ। हरेक वर्ष चैत्र अष्टमी, रामनवमी र पूर्णिमाको दिन पारेर पंचवली सहित पुजाआजा गर्ने चलन छ। चैत्र पूर्णिमाको दिन ठूलो मेला लाग्दछ। यहाँ चण्डीपाठ, दूर्गाकवच, दुर्गासप्तसति पाठ पनि गरिन्छ देवीस्थानको उत्तर पूर्व २, ३ कि.मी. को दुरीमा कालीगण्डकी नदी बग्दछिन्। दुरै जातिहरू यहाँका आदीवासी हुन्। यिनै दरै जातिहरूको नाम अपभ्रंस भई दरैगाउबाट डेढगाउँ वन्न पुगेको बिस्वास छ। यो ठाउँको पूर्वतर्फ बुङ्दीखोला, पशिचमतर्फ रकुवा, उत्तरतर्फ कालीगण्डकी र दक्षिणतर्फ महाभारत पर्वत श्रृंखला पर्दछ। देवीको प्रतिमूर्ति स्वरुप एउटा ढुंगाको सिला छ जसमा भगवानका आकृति बनाइएको छ। यसको चारैतिर इटाको गारो लगाई विभिन्न जातका बाटविरुवा लगाइएको छ। पूर्वपश्चिम दुवैतर्फ मानिस आवतजावत गर्ने ढोका छन्। देवीको वरिपरी काठको मौला खडागरी घण्टहरू झुण्डाइएको छ।

### (११) कामधेनु स्थान (घुमारिघाट)

लुम्बिनी अंचल नवलपरासी वर्दघाट सुस्ता पूर्व जिल्लाको उत्तर महाभारत पर्वत श्रृंखलाको काखमा बुलिङ्टार गा.पा.को वडा नं. ६ मा कामधेनु स्थान घुमाउरीघाट अवस्थित छ। यो स्थान दलदले बजारबाट करिब ३६ कि.मी. उत्तरमा पर्दछ। उत्तौली चोकबाट करिब २० मिनेटको पैदल यात्रागरेपछि यो स्थानमा पुगिन्छ। घुमारीघाटको भूबनावट प्राकृतिक हिसावले ज्यादै आश्चर्यजनक र रमणिय रहेको छ। कृष्णगण्डकी नदिले घेरिएर बनेको यो भूभागमा करिव १५० एकड जमिनको

यो भू दश्य पर्यटकिय रमणिय स्थलको रुपमा विकास गर्न सकिन्छ। यो भूभागको द्रश्य कुनै मानव निर्मित संरचना होइन प्रकृर्तिको अनुदम वरदान हो। यसको बनावटको सन्दर्भमा प्राचिन किंम्वदन्ती पनि छ। आदिम कालमा कालिगण्डकी नदीको उत्पतिको समयमा पश्चिमबाट नदी बग्दै आउँदा बाटोमा एउटा कामधेनु गाई भर्खर ब्याएर बाच्छो सहित बसेकी रहिछन्। नदी बग्ने बाटोमा परेकोले सो माउ बाच्छालाई बगाउन नसकी उक्त बाटो छोडी घुमेर पर पुगी हालको घुमाउरी घाटलाई घेरी गाई र बाच्छालाई जोगाउन र उनीहरूलाई चरनको निमित त्यो घुमाउरी जमिनको कम्पाउण्ड छोडेर गएकोले यो भूबनावट तयार भएको हो भन्ने पुरानो किंवदन्ती छ। बिचको गल्छी १५० मिटरभन्दा गहिरो छ। घुमाउरो प्रकृति कै कारण यस ठाउँको नाम घुमाउरी घाट रहेको हो। यो घाटको प्राकृतिक बनावट हेर्न स्वदेशी तथा विदेशी पर्यटकहरू आउन सक्ने संभावना रहेकोले एउटा पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न सकिने देखिन्छ।

# खण्ड २
# जिल्लाको जनसंख्या

## २.१ जनसख्या वितरण

नेपालमा औपचारिक रुपमा जनसंख्या लिने काम पहिलो जनगणनाबाट विक्रम सम्मत १९६८ सालबाट शुरु भएको हो। त्यस समयमा नेपालको कुल जनसंख्या  ५६ लाख रहेको थियो। त्यसपछि करीब १० वटा जनगणना सम्पन्न भइसकेका छन्। पछिल्लो समयमा विक्रम सम्मत २०६८ सालमा जनगणना सम्पन्न भएको थियो। राष्ट्रिय जनगणना २०६८ का अनुसार यस जिल्लाको कूल जनसंख्या ३,११,६०४ छ र यसमध्ये  महिला १,६८,८२५ तथा १,४२,७७९ पुरुष छन्। जिल्लाका ४ गाउँपालिका., ४ नगरपालिकाहरूको जनसंख्या सम्वन्धि तथ्याङ्क तल प्रस्तुत गरिएको छ।

## २.२ गाउँपालिका तथा नगरपालिका अनुसार जनसांख्यिक सूचकहरूको अवस्था

जनसंख्याको आधारमा जिल्लामा सवभन्दा वढी जनसंख्याको चाप भएको स्थानीय तह कावासोती नगरपालिका हो भने सबभन्दा कम चाप भएको बुड्दीकाली गाउँपालिका हो। कावासोती नगरपालिकाको जनसंख्या ६२,५८३ छ। सबैभन्दा कम जनसंख्या भएको गा.पा. बुड्दीकालीको जनसंख्या १५,७३४ छ। जनसंख्याको वितरण विविधता देखिनुमा स्थानीय तहको क्षेत्रफलमा विविधता, उब्जाऊ भूमी, शहरीकरण तथा यातायात जस्ता भौतिक पूर्वाधारको सूविधामा देखिएको विविधताले पनि प्रभाव पारेको देखिन्छ।

**तालिका २.१ : गाउँपालिका र नगरपालिका जनसंख्या विवरण**

| क्र.सं. | गाउँपालिका र नगरपालिका | घरपरिवार संख्या | जम्मा जनसंख्या | पुरुषको संख्या | महिलाको संख्या |
|---|---|---|---|---|---|
| १ | गैडाकोट न.पा. | १३,६२६ | ५८,८९० | २८,२३९ | ३०,६५१ |
| २ | देवचुली न.पा. | ९,२६१ | ४२,६६७ | १९,६६७ | २३,००० |
| ३ | कावासोती न.पा. | १४,११० | ६२,५८३ | २८,७३२ | ३३,८५१ |
| ४ | मध्यबिन्दु न.पा. | ११,९४६ | ५४,४२४ | २४,३१९ | ३०,१०५ |
| ५ | हुप्सेकोट गा.पा. | ४,५८८ | २५,०६५ | ११,२७२ | १३,७९३ |
| ६ | बुलिङ्टार गा.पा. | ३,४८७ | १९,१२२ | ८,६६३ | १०,४५९ |
| ७ | बुड्दिकाली गा.पा. | २,९९८ | १५,७३४ | ६,९९० | ८,७४४ |
| ८ | विनयी त्रिवेणी गा.पा. | ६,९१८ | ३३,११९ | १४,८९७ | १८,२२२ |
| | **जम्मा** | ६६,९३४ | ३,११,६०४ | १,४२,७७९ | १,६८,८२५ |

स्रोत: राष्ट्रिय जनगणना, २०६८

## २.३ घरधूरी तथा परिवार संख्या र परिवारको आकार विश्लेषण

वि.सं. २०६८ जनगणनाअनुसार यस जिल्लाभित्र जम्माजम्मी ६६,९३४ परिवारहरू बसोबास गरेको देखिएको छ ।

जम्मा परिवारहरू मध्ये ग्रमीण क्षेत्रमा १७,९९१ अर्थात २६.८८ प्रतिशत र शहरी क्षेत्रमा ४८,९४३ अर्थात ७३.१२ प्रतिशत परिवारहरू बसोबास गरेको देखिन्छ । त्यसैगरी स्थानीय तहगत परिवार सङ्ख्यातर्फ दृष्टिगत गर्दा कावासोती न.पा. मा सबैभन्दा धेरै १४,११० परिवारहरू र बुड्दिकाली गाउँपालिकामा सबैभन्दा कम २,९९८ परिवारहरू बसोबास गर्दछन् ।

हरेक परिवारमा बसोबास गर्ने सरदर सदस्य संख्यामा केही कमी हुदै आएको देखिन्छ । यस जिल्लामा राष्ट्रिय जनगणना २०६८ अनुसार एक परिवारमा औसत ४.६६ जना सदस्य संख्या रहेका छन् । स्थानीय तहगत औसत परिवार आकार दृष्टिगत गर्दा बुलिङ्गटार गा.पा. मा सबैभन्दा बढी ५.४८ जना सदस्य संख्या र गैडाकोट न.पा.मा सबैभन्दा कम ४.३२ जना सदस्य संख्या बसोबास गर्दछन् । त्यसैगरी क्षेत्रगत रुपमा औसत परिवार आकार दृष्टिगत गर्दा ग्रामीण क्षेत्रमा ५.१७ जना तथा शहरी क्षेत्रमा ४.४७ जना सदस्य संख्या रहेका छन् ।

**तालिका २.१ : गाउँपालिका र नगरपालिकाको परिवारको आकार**

| क्र.सं. | गाउँपालिका र नगरपालिका | घरपरिवार संख्या | जम्मा जनसंख्या | औसत परिवारको आकार |
|---|---|---|---|---|
| १ | गैडाकोट न.पा. | १३,६२६ | ५८,८९० | ४.३२ |
| २ | देवचुली न.पा. | ९,२६१ | ४२,६६७ | ४.६१ |
| ३ | कावासोती न.पा. | १४,११० | ६२,५८३ | ४.४४ |
| ४ | मध्यबिन्दु न.पा. | ११,९४६ | ५४,४२४ | ४.५६ |
| ५ | हुप्सेकोट गा.पा. | ४,५८८ | २५,०६५ | ५.४६ |
| ६ | बुलिङ्गटार गा.पा. | ३,४८७ | १९,१२२ | ५.४८ |
| ७ | बुड्दिकाली गा.पा. | २,९९८ | १५,७३४ | ५.२५ |
| ८ | विनयी त्रिवेणी गा.पा. | ६,९१८ | ३३,११९ | ४.७९ |
| | **जम्मा** | **६६,९३४** | **३,११,६०४** | **४.६६** |

स्रोत: राष्ट्रिय जनगणना, २०६८

## २.४ गाउँपालिका तथा नगरपालिका अनुसारको क्षेत्रफल तथा जनघनत्वको अवस्था विश्लेषण

वि.सं. २०६८ जनगणनाअनुसार यस जिल्लामा १ वर्ग कि.मी. क्षेत्रफलमा जम्मा २३८ जना व्यक्तिहरू बसोबास गरेको देखिएको छ ।

जनघनत्व ग्रमीण क्षेत्रमा कम र शहरी क्षेत्रमा बढी देखिन्छ । त्यसैगरी स्थानीय तहगत जनघनत्वतर्फ दृष्टिगत गर्दा कावासोती न.पा. मा सबैभन्दा धेरै करिब ५७८ व्यक्ति प्रति वर्ग कि.मी. र विनयी त्रिवेणी गाउँपालिकामा सबैभन्दा कम ११५ व्यक्ति प्रति वर्ग कि.मी. रहेको छ ।

**तालिका २.१ : गाउँपालिका र नगरपालिकाको जनघनत्व**

| क.सं. | गाउँपालिका र नगरपालिका | क्षेत्रफल वर्ग कि.मी. | जम्मा जनसंख्या | जनघनत्व व्यक्ति प्रति वर्ग कि.मी. |
|---|---|---|---|---|
| १ | गैडाकोट न.पा. | १५९·९३ | ५८,८९० | ३६८·२२ |
| २ | देवचुली न.पा. | ११२·७२ | ४२,६६७ | ३७८·५२ |
| ३ | कावासोती न.पा. | १०८·३४ | ६२,५८३ | ५७७६५ |
| ४ | मध्यबिन्दु न.पा. | २३३·३५ | ५४,४२४ | २३३·२३ |
| ५ | हुप्सेकोट गा.पा. | १८९·२१ | २५,०६५ | १३२·४७ |
| ६ | बुलिङ्गटार गा.पा. | १४७६८ | १९,१२२ | १२९·४८ |
| ७ | बुड्दिकाली गा.पा. | ९१·८७ | १५,७३४ | १७१·२६ |
| ८ | विनयी त्रिवेणी गा.पा. | २८८·१ | ३३,११९ | ११४·९६ |
| | **जम्मा** | **१३३१·२** | **३,११,६०४** | **२३४·०८** |

स्रोतः राष्ट्रिय जनगणना, २०६८

## २.५ उमेर समूह अनुसार जिल्लाको जनसंख्या

जनसङ्ख्याको उमेरगत संरचनालाई ५ वर्षको उमेर समूहमा विभाजन गरी अध्ययन गर्दा १० देखि १४ वर्ष उमेर समूहमा कुल जनसङ्ख्याको सर्वाधिक अंश रहेको देखिन्छ। यो उमेर समूहमा कुल जनसङ्ख्याको १३.५५ प्रतिशत हिस्सा रहेको देखिन्छ। यसलाई ११.९३ प्रतिशत जनसङ्ख्यासहित १५ देखि १९ वर्ष उमेर समूहले पछ्याएको छ। पुरूषको हकमा कुल पुरूष जनसङ्ख्याको सबैभन्दा धेरै १० देखि १४ वर्ष उमेर समूहमा र महिलातर्फ पनि कुल महिलाको सबैभन्दा धेरै सोही १० देखि १४ वर्ष उमेर समूहका व्यक्तिहरूमा रहेको देखिन्छ। ५ देखि ९ वर्ष उमेर समूहमा कुल जनसङ्ख्याको हिस्सा ११.२२ प्रतिशत छ। ० देखि ४ वर्षका वालवालिकाहरूको जनसंख्या ८.४६ प्रतिशत रहेको छ। कुल प्रजनन् दर घट्दै गएको देखिन्छ। परिवार नियोजनको प्रभाव तथा मानिसमा सानो परिवार प्रतिको आकर्षण बढेको छ। १० देखि १४ वर्ष पछि उमेर समूह वढ्दै जाँदा जनसङ्ख्याको प्रतिशत पनि कम हुदै गएको देखिन्छ।

**तालिका २.१५ : उमेर समुह अनुसार जिल्लाको जनसंख्या**

| उमेर समुह | ० -४ | ५-९ | १०-१४ | १५-१९ | २०-२४ | २५-२९ | ३०-४४ | ३५-३९ | ४०-४४ | ४५-४९ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कुल जनसंख्या | २६,३७० | ३४,९७५ | ४२,२३० | ३७,१७२ | २८,३०९ | २३,६९४ | २०,१५१ | १८,१०५ | १६,२८३ | १४,३०८ |
| प्रतिशत | ८·४६ | ११·२२ | १३·५५ | ११·९३ | ९·०८ | ७६० | ६·४७ | ५·८१ | ५·२३ | ४·५९ |
| पुरूष | १३,७२८ | १८,१११ | २१,३२७ | १७,२९२ | १०,६९३ | ८,३३१ | ७,६१९ | ७,२९१ | ७,०९८ | ६,६०६ |
| महिला | १२,६४२ | १६,८६४ | २०,९०३ | १९,८८० | १७,६१६ | १५,३६३ | १२,५३२ | १०,८१४ | ९,१८५ | ७,७०२ |
| | | | | | | | | | | |
| उमेर समुह | ५०-५४ | ५५-५९ | ६०-६४ | ६५-६९ | ७०-७४ | ७५ वा माथि | | | | |
| जम्मा | १२,६०९ | १०,३७९ | ९,२३२ | ६,९१७ | ४,८२३ | ६,०४७ | | | | |
| प्रतिशत | ४·०५ | ३·३३ | २·९६ | २·२२ | १·५५ | १·९४ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पुरुष | ६,०३७ | ५,१०७ | ४,५३९ | ३,५७६ | २,४५२ | २,९७२ |
| महिला | ६,५७२ | ५,२७२ | ४,६९३ | ३,३४१ | २,३७१ | ३,०७५ |

स्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

## २.६ अपाङ्गता भएका व्यक्तिहरूको विवरण

जिल्लाका कुल जनसङ्ख्याको २.०२ प्रतिशत हिस्सामा वा ६,२९१ जनामा कुनै एक वा बढि प्रकारको अपाङ्गता रहेको देखिएको छ । अपाङ्गता भएका व्यक्तिहरूमध्ये ३१.०३ प्रतिशतमा शारीरिक अपाङ्गता, १३.६९ प्रतिशतमा दृष्टिसम्बन्धी अपाङ्गता, २०.३० प्रतिशतमा सुनाइसम्बन्धी अपाङ्गता, १.६५ प्रतिशतमा श्रवण दृष्टिविहिनता, १४.९१ प्रतिशतमा स्वर बोलाइसम्बन्धी अपाङ्गता, ६.३६ प्रतिशतमा मानसिक अपाङ्गता, ४.०७ प्रतिशतमा बौद्धिक अपाङ्गता र ८.०० प्रतिशतमा बहुअपाङ्गता भएको पाइएको छ ।

**तालिका ३.८ : अपाङ्गता भएका व्यक्तिहरूको विवरण**

| अपाङ्गताको प्रकार | जम्मा | |
|---|---|---|
| | संख्या | % |
| शारीरिक अपाङ्गता | १,९५२ | ३१·०३ |
| दृष्टिसम्बन्धी अपाङ्गता | ८६१ | १३·६९ |
| सुनाईसम्बन्धी अपाङ्गता | १,२७७ | २०·३० |
| श्रवण तथा दृष्टि सम्बन्धी अपाङ्गता | १०४ | १·६५ |
| स्वर/वोलाई सम्बन्धी अपाङ्गता | ९३८ | १४·९१ |
| मानसिक अपाङ्गता | ४०० | ६·३६ |
| बौद्धिक अपाङ्गता | २५६ | ४·०७ |
| बहुअपाङ्गता | ५०३ | ८·०० |
| **जम्मा** | **६,२९१** | **१००·००** |

स्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

## २.७ जातिअनुसार जनसंख्याको संरचना

यहा २००७-२०१३ सालसम्म विभिन्न किसिमका राष्ट्रिय तथा अन्तराष्ट्रिय परियोजनाहरू सञ्चालन गरी अनुपयुक्त क्षेत्रलाई उपयुक्त क्षेत्रको रूपमा रूपान्तरण गर्ने कार्यक्रमहरू सञ्चालन गरिएको थियो। उपयुक्त क्षेत्रको रूपमा रूपान्तरण गर्ने कार्यक्रमहरू सञ्चालन गर्नाले यहाँ पहाडवाट वसाइँ-सराइ गर्नेहरूको संख्या तीव्रता आयो र विभिन्न स्थानमा विभिन्न जातजातिहरूले वसोवास गरेका छन्। पहाडी क्षेत्रमा मगर, गुरुङ तथा तामाङहरू आदिमकालदेखि वसोवास गरेको पाइन्छ। पहाडी क्षेत्रका गा.पा.हरूमा मगरको बसोबास ६० भन्दा बढी प्रतिशत देखिन्छ। यसरी नै थारु जाति आदिमकालदेखि मैदानी भागमा वसोवास गरेको पाइन्छ। यहाँ कुमाल, दराई जातिहरू पनि पुराना जातिहरूको रूपमा परिचित भएका छन्। २०१३ सालदेखि पहाडी क्षेत्रवाट वसाइँसराई गर्नेको संख्या तीव्रता आएकोले व्राह्मण, क्षेत्री, नेवार, गुरुङ आदि जातिहरूले आ-आफ्नो वसोवास स्थल कायम गरेका छन्।

वि.सं.२०६८ को राष्ट्रिय जनगणना अनुसार जिल्लामा बसोवास गर्दै आएका मुख्य जातजातिहरूमा

क्रमश मगर (२९.०६५), ब्राम्हण पहाडी (२३.८०५), थारु (११.७९५), क्षेत्री (७.६८५), कामी (५.४४५), कुमाल (३.९०५), गुरुङ्ग (२.९२५), नेवार (२.८७५), दमाई (२.४९५), ठकुरी (१.७६५), तामाङ्ग (१.४२५), सार्की (०.९६५) आदी रहेका छन्।

**तालिका ३.८ : जातजातिहरूको जनसंख्या विवरण**

| क्र.सं. | जात | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | मगर | ९०,५६२ | २९.०६ |
| २ | ब्राहृयमण पहाड | ७४,१५० | २३.८० |
| ३ | थारु | ३६,७४३ | ११.७९ |
| ४ | क्षेत्री | २३,९४५ | ७.६८ |
| ५ | कामी | १६,९३७ | ५.४४ |
| ६ | कुमाल | १२,१४८ | ३.९० |
| ७ | गुरुङ | ९,१०७ | २.९२ |
| ८ | नेवार | ८,९५१ | २.८७ |
| ९ | दमाई | ७,७५६ | २.४९ |
| १० | ठकुरी | ५,४८७ | १.७६ |
| ११ | तामाङ | ४,४३८ | १.४२ |
| १२ | सार्की | २,९९४ | ०.९६ |
| १३ | सन्यासी | १,९९२ | ०.६४ |
| १४ | दराई | १,७११ | ०.५५ |
| १५ | मुसलमान | १,५०८ | ०.४८ |

राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

## २.८ भाषाअनुसार जनसंख्याको संरचना

भाषा संचारको एक माध्यम हो, जसले व्यत्तिहरूका बिच विचारहरूको आदान-प्रदान गराउछ र समूह, समूदाय तथा समाजका सवै तहका व्यक्तिहरूका व्यवहारलाई परिचित गराउछ। त्यस्तै मानवीय इच्छा, आकाक्षा तथा आवश्यकताहरू मुखरत गर्ने, पूरा गर्न आवाज बुलन्द गराउने माध्यम नै भाषा हो। हाम्रो देश विविध जनजाति भएको देश हुनाले विभिन्न मातृभाषाहरू स्थानीय भाषाको रूपमा प्रयोग गरिएकाछन्। यस्तै विभिन्न जनजातिका आआफ्नै भाषा रहेको हुदा भाषामा विविधता रहेको पाइन्छ। नेपालको राष्ट्रभाषा नेपाली हो, जहा दुई तिहाइ भन्दा वढी मानिसहरू नेपाली भाषा नै प्रयोग गरेका छन्। राष्ट्रभाषा नेपालीको अतिरिक्त राष्ट्रिय भाषाहरू रहेका छन्। यहाँका धेरैजसो भाषाहरू जातिगत भाषाका रूपमा विकसित भएको पाइन्छ।

२०६८ सालको जनगणनाको नतिजाले मातृभाषा नेपाली हुने व्यक्तिहरूको सर्वोच्च हिस्सा रहेको देखाएको छ। यसअनुसार नेपाली भाषा मातृभाषा हुनेहरू संख्या ५५.३२ प्रतिशत देखिन्छ। नेपाली पछि मगर मातृभाषा हुनेहरू २५.१० प्रतिशत हिस्सासहित दोस्रो बाहुल्यतामा छन्। यसैगरी

तेश्रो स्थानमा देखिएको भाषा थारु हो जसको प्रतिशत १०.९४ प्रतिशत पुगेको छ। त्यसपछिको भाषा गुरुङ्ग हो जुन १.९१ प्रतिशत छ। नेवार मातृभाषा हुनेहरूको संख्या १.६२ प्रतिशत, तामाङ्ग मातृभाषा हुनेहरूको संख्या १.0४ प्रतिशत, कुमाल मातृभाषा हुनेहरूको संख्या ०.८६ प्रतिशत छ ।

**तालिका २३ भाषा अनुसारको जनसंख्या**

| क्र. सं. | मातृभाषा | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नेपाली | १,७२,३७० | ५५.३२ |
| २. | मगर | ७८,२२७ | २५.१० |
| ३. | थारु | ३४,१०५ | १०.९४ |
| ४. | गुरुङ | ५,९६३ | १.९१ |
| ५. | नेवार | ५,०४७ | १.६२ |
| ६. | तामाङ | ३,२३७ | १.0४ |
| ७ | कुमाल | २,६७४ | ०.८६ |

स्रोत : जनगणना २०५८ को प्रतिवेदन

## २.९ जिल्लाको आधारभूत जनसांख्यिक तथा सामाजिक सूचकहरूको अवस्था

**तालिका ३.१७ आधारभूत जनसांख्यिक सूचकहरूको अवस्था**

| सि.न. | विवरण | २०६८ |
|---|---|---|
| १ | महिलाको जनसंख्या | १,६८,८२५ |
| २ | पुरुषको जनसंख्या | १,४२,७७९ |
| ३ | जम्मा जनसंख्या | ३,११,६०४ |
| ४ | परिवार संख्या | ६६,९३४ |
| ५ | औषत परिवार संख्या | ४.६६ |
| ६ | लैगिक अनुपात | ८४.६ |
| ७ | जनघनत्व प्रति व.कि.मि | २३४.०८ |
| ८ | शहरी जनसंख्या प्रतिशत | ७०.१४ |
| ९ | ग्रामिण जनसंख्या प्रतिशत | २९.८६ |
| १० | कुल निर्भरता अनुपात | ७२.१ |
| ११ | बाल निर्भरता अनुपात | ५७.२ |
| १२ | वृद्ध निर्भरता अनुपात | १४.९ |
| १३ | ७५ वर्ष वा माथिको जनसंख्या | १.९४ |

श्रोत : राष्ट्रिय जनगणना २०६८

## २.१० शहरी तथा ग्रामीण जनसंख्या वितरण (Urban and Rural Population)

विद्यमान अवस्थामा शहरीक्षेत्र भनेर घोषित कावासोती, गैडाकोट,देवचुली र मध्यबिन्दु नगरपालिका क्षेत्रभित्र वसोवास गर्ने जनसंख्यालाई शहरी जनसंख्या र हुप्सेकोट, बुलिङ्गटार, बुङ्दीकाली र विनयी त्रिवेणी गाउँपालिकामा वसोवास गर्ने जनसंख्यालाई ग्रामीण जनसंख्या रुपमा लिंदा यस जिल्लाको कूल ३,११,६०४ जनसंख्या मध्ये २,१८,५६४ वा कुलजनसंख्याको ७०.१४% शहरमा र बाँकी ९३,०४० वा कुल जनसंख्याको २९.८६% गाउँमा वसोवास गर्दछन्। यस जिल्लाको कूल जनघनत्व २३४ व्यक्ति प्रति वर्ग कि.मी. छ साथै शहरी क्षेत्रको जनघनत्व ३५६ व्यक्ति प्रति वर्ग कि.मी. र ग्रामीण क्षेत्रको जनघनत्व १३० व्यक्ति प्रति वर्ग कि.मी. मात्र रहेको छ।

**तालिका ४.२ शहरी तथा ग्रामीण जनसंख्या विवरण**

| विवरण | जनसंख्या | प्रतिशत | क्षेत्रफल (व.कि.मी.) | जनघनत्व |
|---|---|---|---|---|
| ग्रामीण | ९३,०४० | २९.८६ | ७१६.८२ | १२९.७९ |
| शहरी | २,१८,५६४ | ७०.१४ | ६१४.३४ | ३५५.७७ |
| जम्मा | ३,११,६०४ | १००.०० | १३३१.१६ | २३४.०८ |

स्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

## २.११ परिवारले पिउने पानीको मुख्य स्रोत

राष्ट्रिय जनगणना २०६८ मा देशभित्रका हरेक परिवारले पिउने पानीको मुख्य स्रोत सम्बन्धी विवरण सङ्कलन गरिएको थियो। सो गणनाको नतिजाअनुसार यस जिल्लामा कुल ६६ हजार ९ सय १५ परिवार मध्ये ५८.७८ प्रतिशत परिवारले धारा/पाइप, ट्युववेल/हाते पम्पबाट १८.६१ प्रतिशत, ढाकिएको इनार/कुवाबाट ९.३० प्रतिशत, ९.२९ प्रतिशतले खुला इनार/कुवाबाट पिउने पानी मुख्यरूपमा आपूर्ति गर्ने गरेको पाइएको छ। मूल धारा, नदी/खोला र अन्य स्रोतबाट पिउने पानी आपूर्ति गर्ने परिवारहरू कुल परिवारको क्रमश: २.४४ , ०.३८ र ०.७२ प्रतिशत रहेका छन्।

**तालिका २.१० : खानेपानीको स्रोतअनुसार परिवार संख्या**

| जम्मा | पिउने पानीको स्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | धारा वा पाइप | ट्युवबेल वा हाते पम्प | ढाकिएको इनार वा कुवा | नढाकिएको इनार वा कुवा | मूल धारा | नदी वा खोला | अन्य | नखुलेको |
| ६६,९१५ | ३९,३३५ | १२,४५१ | ६,२२१ | ६,२१५ | १,६३२ | २५१ | ४८३ | ३२७ |
| १०० | ५८.७८ | १८.६१ | ९.३० | ९.२९ | २.४४ | ०.३८ | ०.७२ | ०.४९ |

श्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८

## २.१२ परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन

राष्ट्रिय जनगणना २०६८ को नतिजाले यस जिल्लाका कुल परिवार मध्ये अधिकांश परिवारले खाना पकाउन अक्सर काठ तथा दाउरा प्रयोग गर्ने गरेको देखाएको छ। कुल परिवारको २०.९२

प्रतिशतले खाना पकाउन अक्सर एल.पि. ग्याँस प्रयोग गर्ने गरेको देखिन्छ। विगत जनगणनामा एल.पि. ग्यास प्रयोग गर्ने परिवारहरू भन्दा यस जनगणनामा वृद्धि भएको देखिन्छ। त्यस्तै खाना पकाउन अक्सर गोबर ग्याँस प्रयोग गर्नेको हिस्सा ७.११ प्रतिशत रहेको छ । खाना पकाउन काठ तथा दाउरा प्रयोग गर्ने परिवारको प्रतिशत ७०.७६ रहेको छ। खाना पकाउन काठ तथा दाउरा प्रयोग गर्ने परिवारको संख्या क्रमश घट्दै गएको देखिन्छ।

**तालिका २.११ : खाना पकाउन प्रयोग इन्धन अनुसार परिवार संख्या**

| जम्मा | खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | काठ/ दाउरा | मटितेल | एल पि ग्यास | गुईठा | गोबर ग्याँस | विजुली | अन्य | नखुलेको |
| ६६,९१५ | ४७,३४८ | २७२ | १३,९९८ | ५२ | ४,७५५ | ६८ | ८२ | ३४० |
| १०० | ७०.७६ | ०.४१ | २०.९२ | ०.०८ | ७.११ | ०.१० | ०.१२ | ०.५१ |

स्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

## २.१३ परिवारमा वत्ति बाल्न अक्सर प्रयोग गरिने साधन

यस जिल्लाका धेरैजसो घरपरिवारहरूले आफू बसोबास गरेको घर/आवासीय इकाइमा बत्ती बाल्नका लागि अक्सर बिजुली प्रयोग गर्ने गरेको देखिएको छ। जनगणना २०६८ अनुसार बिजुली प्रयोग गर्ने परिवार ७८.५२ रहेको छ। बत्ती बाल्नका लागि अक्सर मटितेल प्रयोग गर्ने परिवार ९.०९ प्रतिशत मात्र देखिएको छ। बत्ती बाल्नका लागि अक्सर सोलार र अन्य इन्धन प्रयोग गर्ने परिवार क्रमश: ५.६२ र ४.०३ प्रतिशत रहेको देखिन्छ। गोबरग्यास प्रयोग गर्ने परिवारहरू केवल ०.२१ प्रतिशत मात्र रहेका छन्।

**तालिका २.१२ : अक्सर बत्ती बाल्ने स्रोत अनुसार परिवार संख्या**

| जम्मा | अक्सर बत्ती बाल्ने स्रोत | | | | |
|---|---|---|---|---|---|
| | विजुली | मट्टितेल | वायोग्याँस | सौर्य | अन्य | नखुलेको |
| ६६,९१५ | ५२,५४४ | ६,०८३ | १४३ | ५,१०२ | २,६९८ | ३४५ |
| १०० | ७८.५२ | ९.०९ | ०.२१ | ७.६२ | ४.०३ | ०.५२ |

श्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८

## २.१४ शिक्षा

| ५२ | दलित म. सदस्य | १० | सुमित्रा वि.क | महिला | ३६ | नेपाली काँग्रेस | ६५१ |
| ५३ | वडा अध्यक्ष | ११ | रमेश बहादुर ठाडा | पुरुष | ४१ | नेपाली काँग्रेस | ६४८ |
| ५४ | सदस्य | ११ | नव राज भुसाल | पुरुष | ४२ | ने.क.पा. एमाले | ६६८ |
| ५५ | सदस्य | ११ | हुम कान्त सुवेदी | पुरुष | ४६ | ने.क.पा. एमाले | ६४७ |
| ५६ | महिला सदस्य | ११ | शकुन्तला गुरुङग | महिला | ३२ | नेपाली काँग्रेस | ६५२ |
| ५७ | दलित म. सदस्य | ११ | शुक माया विश्वकर्मा | महिला | ३३ | ने.क.पा. एमाले | ६५० |
| ५८ | वडा अध्यक्ष | १२ | दिना नाथ भुसाल | पुरुष | ४२ | ने.क.पा. एमाले | ६२८ |
| ५९ | सदस्य | १२ | भिमलाल तिवारि | पुरुष | ४१ | ने.क.पा. एमाले | ७२७ |
| ६० | सदस्य | १२ | डोल राज थापा | पुरुष | ४४ | ने.क.पा. एमाले | ७०१ |
| ६१ | महिला सदस्य | १२ | सीता भुसाल | महिला | ३९ | ने.क.पा. एमाले | ६५६ |
| ६२ | दलित म. सदस्य | १२ | झकमाया विश्ककर्मा | महिला | ४१ | ने.क.पा. एमाले | ६७८ |
| ६३ | वडा अध्यक्ष | १३ | दिल बहादुर खत्री | पुरुष | ५७ | नेपाली काँग्रेस | ६११ |
| ६४ | सदस्य | १३ | जग बहादुर वोटे | पुरुष | ३१ | नेपाली काँग्रेस | ५७१ |
| ६५ | सदस्य | १३ | ओम नारायण महतो | पुरुष | ५१ | नेपाली काँग्रेस | ५६७ |
| ६६ | महिला सदस्य | १३ | सुबो चन्द्र सुवेदी | महिला | ३९ | नेपाली काँग्रेस | ६०५ |

| क्र.स. | पद | वडा | नाम, थर | लिङ्ग | उमेर | राजनैतिक दल | मत |
|---|---|---|---|---|---|---|---|
| ६७ | दलित म. सदस्य | १३ | लाली माया सुनार | महिला | ४१ | नेपाली काँग्रेस | ५७८ |
| ६८ | वडा अध्यक्ष | १४ | हेमराज दवाडी | पुरुष | ५५ | ने.क.पा. एमाले | ६३१ |
| ६९ | सदस्य | १४ | औम बहादुर थापा | पुरुष | ३१ | ने.क.पा. एमाले | ६४३ |
| ७० | सदस्य | १४ | मनोज कुमार श्रेष्ठ | पुरुष | ४० | ने.क.पा. एमाले | ६३१ |
| ७१ | महिला सदस्य | १४ | चन्द्र कला भुषाल | महिला | ३८ | ने.क.पा. एमाले | ६५३ |
| ७२ | दलित म. सदस्य | १४ | ज्ञानु सुनार | महिला | ३५ | ने.क.पा. एमाले | ६६९ |
| ७३ | वडा अध्यक्ष | १५ | हरि भक्त भट्टराई | पुरुष | ५३ | नेपाली काँग्रेस | ६२२ |
| ७४ | सदस्य | १५ | सुरेश कुमार रानाभाट | पुरुष | ४६ | नेपाली काँग्रेस | ६५५ |
| ७५ | सदस्य | १५ | प्रेम प्रसाद खनाल | पुरुष | ४९ | नेपाली काँग्रेस | ६४४ |
| ७६ | महिला सदस्य | १५ | माया सुवेदी | महिला | ३८ | नेपाली काँग्रेस | ६८८ |
| ७७ | दलित म. सदस्य | १५ | गीता परियार | महिला | ४५ | नेपाली काँग्रेस | ६६४ |
| ७८ | वडा अध्यक्ष | १६ | केशर बहादुर क्षेत्री | पुरुष | ४९ | ने.क.पा.माओवादी केन्द्र | ७३६ |
| ७९ | सदस्य | १६ | केशव राज गौतम | पुरुष | ५८ | ने.क.पा. एमाले | ७६४ |
| ८० | सदस्य | १६ | राम बहादुर सोमै मगर | पुरुष | ३९ | ने.क.पा. एमाले | ७२९ |
| ८१ | महिला सदस्य | १६ | जानकी दे. गुरौ (लामिछाने) | महिला | ४८ | ने.क.पा. एमाले | ८०६ |
| ८२ | दलित म. सदस्य | १६ | मिनु विश्वकर्मा | महिला | ३६ | ने.क.पा. एमाले | ७८१ |
| ८३ | वडा अध्यक्ष | १७ | विष्णु प्रसाद आचर्य | पुरुष | ५६ | नेपाली काँग्रेस | १००८ |
| ८४ | सदस्य | १७ | विष्णु बहादुर आले | पुरुष | ४० | नेपाली काँग्रेस | १०७९ |
| ८५ | सदस्य | १७ | खडग बहादुर थनेत | पुरुष | ६३ | नेपाली काँग्रेस | १०१५ |
| ८६ | महिला सदस्य | १७ | नव कुमारी शर्मा | महिला | ४६ | नेपाली काँग्रेस | १०२१ |
| ८७ | दलित म. सदस्य | १७ | चिजा कुमारी वि.क. | महिला | ४८ | नेपाली काँग्रेस | १०१८ |

स्रोत: जिल्ला निर्वाचन कार्यालय

MADHYABINDU MUNICIPALITY, Nawalparasi East



### ४.४ मध्यबिन्दु नगरपालिका

नेपालको पूर्व देखि पश्चिमसम्म फैलिएको महेन्द्र राजमार्गको ठीक मध्य भाग यस नगरपालिकामा पर्ने भएकोले यसको नाम मध्यबिन्दु नगरपालिका रहन गएको हो। यो नगरपालिकाको स्थापना वि.सं. २०७२ सालमा भएको थियो । त्यसबेला साविकका नारायणी, तम्सरिया र कोल्हुवा गाउँ विकास समितिहरू समावेश गरी मध्यबिन्दु नगरपालिका बनाइएको थियो। यस नगरपालिका गठन हुदा प्रत्येक साविकका गा.वि.स.हरू बाट ४ वडाका दर जम्मा १२ वडामा विभाजित गरी कृयाशिल रहेको थियो। राज्यका स्थानीय तह पुनसंरचना गर्दा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७३ फाल्गुण २७ गतेको निर्णयले साविकका मध्यबिन्दु नगरपालिका, नयाू बेल्हनी, मैनाघाट, राकाचुली र प्रसौनी गाउँ विकास समितिहरूलाई मिलाएर वनाइएको हो । हाल यस नगरपालिकामा १५ वडाहरूमा विभाजित गरी नगरपालिकाको प्रशासनिक काम संचालन गरिएको छ। भौगोलिक, आर्थिक, सामाजिक, सास्कृतिक स्थितिले यस नगरले निकै सम्भावना वोकेको छ। प्राकृतिक श्रोत एवं साधन पनि सम्भावनाहरू रहेका छन्। विविध प्राकृतिक तथा साँस्कृतिक विशेषताहरू बोकेको पाइन्छ। धैरैजसो समथर भुभाग भएको कारण आवश्यक भौतिक तथा सामाजिक पुर्वाधारको अवस्था राम्रो देखिन्छ। यसको क्षेत्रफल २३३.३५ वर्ग कि.मी. छ भने यस न.पा.को जनसंख्या ५४, ४२४ रहेको छ। यसका सिमानामा पूर्वमा कावासोती न.पा. र हुप्सेकोट गा.पा., पश्चिममा विनयी त्रिवेणी गा.पा.,उत्तरमा हुप्सेकोट गा.पा. र पाल्पा जिल्ला साथै दक्षिणमा चितवन राष्ट्रिय निकुञ्ज तथा नारायणी नदी रहेको छ। यसका मुख्य बजारमा चोरमारा, अरुङ्गखोला, कोल्हुवा, पनौती, मदनपुर आदि रहेका छन्। प्रमुख जातिहरूमा थारु, मगर, ब्राम्हण पहाडी, कुमाल, क्षेत्री, कामी, ठकुरी, नेवार, दमाई, गुरुङ्ग, दराई, वोटे, सार्की, तामाङ्ग आदि हुन्। यस न.पा.मा रहेका पर्यटकीय क्षेत्रहरूमा लोहासेधार, चितवन राष्ट्रिय निकुञ्ज,नन्दभाउजु ताल, भुताहा पर्यटन वन, भ्यू प्वाइन्ट टावर, बाघखोर होम स्टे आदि प्रख्यात रहेका छन्। यस क्षेत्रका नगरवासीहरूले मान्ने मुख्य चाडपर्वमा दशै, तिहार, ल्होसार, माघी, हाली, चण्डी पूर्णिमा आदि रहेको पाइन्छ।

#### मध्यबिन्दु नगरपालिका सिमाना, वडा विभाजन तथा जनसंख्या

समावेश भएका साविकका न.पा. र गा.वि.स.हरू वा न.पा. र गा.वि.स.का वडाहरू : मध्यबिन्दु न.पा.,मैनाघाट गा.वि.स., प्रसौनी गा.वि.स. तथा नयाँ बेल्हनी गा.वि.स.का वडा नं. १-७, ९ र राकाचुली गा.वि.स.का वडा नं. १-५

केन्द्र : साविकको मध्यबिन्दु न.पाको कार्यालय

वडा संख्या : १५

**सीमाना :**

पूर्व : कावासोती न.पा. र हुप्सेकोट गा.पा.

पश्चिम : विनयी त्रिवेणी गा.पा.

उत्तर : हुप्सेकोट गा.पा. र पाल्पा जिल्ला

दक्षिण : चितवन राष्ट्रिय निकुञ्ज

**तालिका ४.४.१ : वडा विभाजन तथा जनसंख्या**

| वडा नं | समावेश भएका साविकका न.पा. तथा गाविसहरु | साविक वडा नं. | पुरुषको संख्या | महिलाको संख्या | जम्मा जनसंख्या | घरपरिवार संख्या |
|---|---|---|---|---|---|---|
| १ | मध्यबिन्दु | १ | १५३७ | १८१७ | ३३५४ | ८३१ |
| २ | मध्यबिन्दु | २ | २०२८ | २११७ | ४१४५ | ८०६ |
| ३ | मध्यबिन्दु | ३ | १२९७ | १५९१ | २८८८ | ५९७ |
| ४ | मध्यबिन्दु | ४ | १३२१ | १६४८ | २९६९ | ६४५ |
| ५ | मध्यबिन्दु | ५ | १३८१ | १७३७ | ३११८ | ७२४ |
| ६ | मध्यबिन्दु | ६ | १२२८ | १६०१ | २८२९ | ६०२ |
| ७ | मध्यबिन्दु | ७ | १६४८ | २०६३ | ३७११ | ८८४ |
| ८ | मध्यबिन्दु | ८ | १३३३ | १६२६ | २९५९ | ६८३ |
| ९ | मध्यबिन्दु | ९ | १०८८ | १४४७ | २५३५ | ५८४ |
| १० | नयाँ बेल्हनी | ८ | २४८४ | ३१२७ | ५६११ | १२८९ |
| | राकाचुली | ३ र ४ | | | | |
| ११ | मैनाघाट | ५ | १३५८ | १७२८ | ३०८६ | ६९७ |
| | नयाँ बेल्हनी | ४ देखि ७ र ९ | | | | |
| १२ | नयाँ बेल्हनी | १ देखि ३ र ५ | २२७३ | ३०८२ | ५३५५ | १२४४ |
| १३ | मैनाघाट | ४, ६, ७ र ९ | ९८५ | १२८३ | २२६८ | ४७५ |
| १४ | मैनाघाट | १ देखि ३ | १५०५ | १७६७ | ३२७२ | ४९७ |
| | राकाचुली | १, २ र ५ | | | | |
| १५ | प्रसौनी | १ देखि ९ | २८५३ | ३४७१ | ६३२४ | १३८८ |
| जम्मा | | | **२४,३१९** | **३०,१०५** | **५४,४२४** | **११,९४६** |

## ४.४.१ परिवारले पिउने पानीको मुख्य स्रोत

राष्ट्रिय जनगणना २०६८ मा देशभित्रका हरेक परिवारले पिउने पानीको मुख्य स्रोत सम्बन्धी विवरण सङ्कलन गरिएको थियो। सो गणनाको नतिजाअनुसार यस नगरमा कुल ११ हजार ९ सय ४३ परिवार मध्ये ३७.२८ प्रतिशत परिवारले धारा/पाइप, ट्युववेल/हाते पम्पबाट २६.१६ प्रतिशत, ढाकिएको इनार/कुवाबाट १४.५९ प्रतिशत, १८.०८ प्रतिशतले खुला इनार/कुवाबाट पिउने पानी मुख्यरूपमा आपूर्ति गर्ने गरेको पाइएको छ। मूल धारा, नदी/खोला र अन्य स्रोतबाट पिउने पानी आपूर्ति गर्ने परिवारहरू कुल परिवारको क्रमश: १.२७ , ०.४७ र १.७५ प्रतिशत रहेका छन्।

**तालिका ४.४.२ : खानेपानीको स्रोतअनुसार परिवार संख्या**

| जम्मा | पिउने पानीको स्रोत | | | | | | | नखुलेको |
|---|---|---|---|---|---|---|---|---|
| | धारा वा पाइप | ट्युवबेल वा हाते पम्प | ढाकिएको इनार वा कुवा | नढाकिएको इनार वा कुवा | मूल धारा | नदी वा खोला | अन्य | |
| ११,९४३ | ४४५२ | ३१२४ | १७४२ | २१५९ | १५२ | ५६ | २०९ | ४९ |
| १०० | ३७.२८ | २६.१६ | १४.५९ | १८.०८ | १.२७ | ०.४७ | १.७५ | ०.४१ |

श्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८

### ४.४.२ परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन

राष्ट्रिय जनगणना २०६८ को नतिजाले यस नगरका कुल परिवार मध्ये अधिकांश परिवारले खाना पकाउन अक्सर काठ तथा दाउरा प्रयोग गर्ने गरेको देखाएको छ। खाना पकाउन काठ तथा दाउरा प्रयोग गर्ने परिवारको प्रतिशत ८४.६५ रहेको छ। कुल परिवारको ८.६८ प्रतिशतले खाना पकाउन अक्सर एल.पि. ग्याँस प्रयोग गर्ने गरेको देखिन्छ। विगत जनगणनामा एल.पि. ग्यास प्रयोग गर्ने परिवारहरू भन्दा यस जनगणनामा केही वृद्धि भएको देखिन्छ। त्यस्तै खाना पकाउन अक्सर गोबर ग्याँस प्रयोग गर्नेको हिस्सा ५.७० प्रतिशत रहेको छ ।

**तालिका ४.४.३ : खाना पकाउन प्रयोग इन्धन अनुसार परिवार संख्या**

| जम्मा | खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | काठ/ दाउरा | मटितेल | एल पि ग्यास | गुईठा | गोबर ग्याँस | विजुली | अन्य | नखुलेको |
| ११,९४३ | १०,११० | २६ | १,०३७ | ७ | ६८१ | ८ | २४ | ५० |
| १०० | ८४.६५ | ०.२२ | ८.६८ | ०.०६ | ५.७० | ०.०७ | ०.२० | ०.४२ |

स्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

### ४.४.३ परिवारमा वति बाल्न अक्सर प्रयोग गरिने साधन

यस नगरका धेरैजसो घरपरिवारहरूले आफू बसोबास गरेको घर/आवासीय इकाइमा बत्ती बाल्नका लागि अक्सर बिजुली प्रयोग गर्ने गरेको देखिएको छ। जनगणना २०६८ अनुसार बिजुली प्रयोग गर्ने परिवार ८७.७५ रहेको छ। बत्ती बाल्नका लागि अक्सर मटितेल प्रयोग गर्ने परिवार ८.९५ प्रतिशत देखिएको छ। बत्ती बाल्नका लागि अक्सर सोलार र अन्य इन्धन प्रयोग गर्ने परिवार क्रमश: २.२४ र ०.४६ प्रतिशत रहेको देखिन्छ। गोबरग्यास प्रयोग गर्ने परिवारहरू केवल ०.१७ प्रतिशत मात्र रहेका छन् ।

**तालिका ४.४.४ : अक्सर बत्ती बाल्ने स्रोत अनुसार परिवार संख्या**

| जम्मा | अक्सर बत्ती बाल्ने स्रोत | | | | | नखुलेको |
|---|---|---|---|---|---|---|
| | विजुली | मट्टितेल | वायोग्याँस | सौर्य | अन्य | |
| ११,९४३ | १०,४८० | १,०६९ | २० | २६८ | ५५ | ५१ |
| १०० | ८७.७५ | ८.९५ | ०.१७ | २.२४ | ०.४६ | ०.४३ |

श्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८

### ४.४.४ उमेर समूह अनुसारको जनसंख्या

जनसङ्ख्याको उमेरगत संरचनालाई ५ वर्षको उमेर समूहमा विभाजन गरी अध्ययन गर्दा १० देखि १४ वर्ष उमेर समूहमा कुल जनसङ्ख्याको सर्वाधिक अंश रहेको देखिन्छ। यो उमेर समूहमा कुल जनसङ्ख्याको १२.८४ प्रतिशत हिस्सा रहेको देखिन्छ। यसलाई १२.२३ प्रतिशत जनसङ्ख्यासहित १५ देखि १९ वर्ष उमेर समूहले पछ्याएको छ। पुरूषको हकमा कुल पुरुष जनसङ्ख्याको सबैभन्दा धेरै १० देखि १४ वर्ष उमेर समूहमा र महिलातर्फ पनि कुल महिलाको सबैभन्दा धेरै १५ देखि १९

वर्ष उमेर समूहका व्यक्तिहरूमा रहेको देखिन्छ। ५ देखि ९ वर्ष उमेर समूहमा कुल जनसङ्ख्याको हिस्सा ९.९१ प्रतिशत छ। ० देखि ४ वर्षका वालवालिकाहरूको जनसंख्या ७.३० प्रतिशत रहेको छ। कुल प्रजनन् दर घट्दै गएको देखिन्छ। परिवार नियोजनको प्रभाव तथा मानिसमा सानो परिवार प्रतिको आकर्षण बढेको छ। १० देखि १४ वर्ष पछि उमेर समूह वढ्दै जाँदा जनसङ्ख्याको प्रतिशत पनि कम हुँदै गएको देखिन्छ।

**तालिका ४.४.५ : उमेर समूह अनुसारको जनसंख्या**

| उमेर | ०-४ | ५-९ | १०-१४ | १५-१९ | २०-२४ | २५-२९ | ३०- | ३५-३९ | ४०-४४ | ४५-४९ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कुल | ४,२९५ | ५,८३४ | ७,५५७ | ७,१९६ | ५,९१४ | ४,९८ | ४,२६० | ३,८३६ | ३,२२८ | २,७२६ |
| प्रतिशत | ७.३० | ९.९१ | १२.८४ | १२.२३ | १०.०५ | ८.४७ | ७.२४ | ६.५२ | ५.४९ | ४.६३ |
| पुरूष | २२८५ | ३१२१ | ३९९४ | ३५९६ | २६०५ | १९७२ | १७४७ | १६५८ | १५०२ | १२९८ |
| महिला | २०१० | २७१३ | ३५६३ | ३६०० | ३३०९ | ३०१३ | २५१३ | २१७८ | १७२६ | १४२८ |

| उमेर | ५०-५४ | ५५-५९ | ६०-६४ | ६५-६९ | ७०-७४ | ७५ वा माथि |
|---|---|---|---|---|---|---|
| जम्मा | २,३५० | १,७७४ | १,४५४ | १,२३३ | ९१४ | १,२८५ |
| प्रतिशत | ३.९९ | ३.०१ | २.४७ | २.१० | १.५५ | २.१८ |
| पुरूष | ११६० | ८९२ | ७२९ | ६०६ | ४४५ | ५९९ |
| महिला | ११९० | ८८२ | ७२५ | ६२७ | ४६९ | ६८६ |

स्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

### ४.४.५ जातजाति अनुसार जनसंख्याको संरचना

वि.सं.२०६८ को राष्ट्रिय जनगणना अनुसार यस महानगरमा बसोवास गर्दै आएका मुख्य जातजातीहरूमा क्रमश थारु १३,५०३ (२४.८१%), मगर १०,५५९ (१९.४०%), ब्राम्हण पहाडी ९,७४८ (१७.९१%), कुमाल ६,४८६ (११.९२%) क्षेत्री ४,१०९ (७.५५%), कामी २,४३४ (४.४७%), ठकुरी १,२९२ (२.३७%), नेवार ९९२ (१.८२%), दमाई ९८९ (१.८२%) गुरुङ्ग ९८० (१.८०%), दराई ६१४ (१.१३%), वोटे ५०७ (०.९३%), सार्की ४३७ (०.८०%) तामाङ्ग ३५४ (०.६५%), सन्यासी २८८ (०.५३%) आदी रहेका छन्। यस नगरपालिकामामा करिब ६३ प्रतिशत जनजातिहरू, २८ प्रतिशत बाहुन, क्षेत्री आदी, ८ प्रतिशत दलित तथा अरु अन्य जातजातिको बसोबास रहेको छ। जनजातिमा मुख्य गरी मगर, थारु, कुमाल, नेवार आदी पर्दछन्। दलिततर्फ कामी, साकी, दमाई आदि छन्।

**तालिका ४.४.६ : जातजाति अनुसारको जनसंख्या**

| क्र.सं. | जातजातीको नाम | जनसंख्या | प्रतिशत | क्र.सं. | जातजाती को नाम | जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | थारु | १३,५०३ | २४.८१ | २ | मगर | १०,५५९ | १९.४० |
| ३ | व्राम्हण | ९,७४८ | १७.९१ | ४ | कुमाल | ६,४८६ | ११.९२ |
| ५ | क्षेत्री | ४,१०९ | ७.५५ | ६ | कामी | २,४३४ | ४.४७ |
| ७ | ठकुरी | १,२९२ | २.३७ | ८ | नेवार | ९९२ | १.८२ |
| ९ | दमाई | ९८९ | १.८२ | १० | गुरुङ्ग | ९८० | १.८० |
| ११ | दराई | ६१४ | १.१३ | १२ | वोटे | ५०७ | ०.९३ |
| १३ | सार्की | ४३७ | ०.८० | १४ | तामाङ्ग | ३५४ | ०.६५ |
| १५ | सन्यासी | २८८ | ०.५३ | १६ | मुसहर | १६४ | ०.३० |
| १७ | मुसलमान | १३२ | ०.२४ | १८ | कठवनियान | १४२ | ०.२६ |
| १९ | घर्ती | ८८ | ०.१६ | २० | सुनुवार | ८० | ०.१५ |

### ४.४.६ मातृभाषा अनुसार जनसंख्याको संरचना

राष्ट्रिय जनगणना २०६८ ले नगरभित्र बसोबास गर्ने नागरिकहरूले बोल्ने मातृभाषा नेपाली हुने व्यक्तिहरूको सर्वोच्च हिस्सा रहेको देखाएको छ। यसअनुसार नेपाली भाषा मातृभाषा हुनेहरूको अंश ५०.७० प्रतिशत रहेको देखिन्छ। थारु मातृभाषा हुनेको हिस्सा २४.१६ प्रतिशत रहेको पाइन्छ। मगर मातृभाषा हुनेहरू १६.०८ प्रतिशत हिस्सासहित तेस्रो बाहुल्यतामा छन्। यसैगरी चौथ्रो स्थानमा देखिएको भाषा कुमाल हो जसको प्रतिशत २.८६ छ। पाचौ स्थानमा देखिएको भाषा गुरुङ हो जसको प्रतिशत १.३२ छ र नेवार मातृभाषा हुनेको हिस्सा १.१० प्रतिशत रहेको छ।

**तालिका ४.४.७ भाषा अनुसारको जनसंख्या**

| क्र. सं. | मातृभाषा | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नेपाली | २७,५९२ | ५०.७० |
| २. | थारु | १३,१४७ | २४.१६ |
| ३. | मगर | ८,७५१ | १६.०८ |
| ४. | कुमाल | १,५५५ | २.८६ |
| ५. | गुरुङ | ७२० | १.३२ |
| ६. | नेवार | ६०१ | १.१० |
| ७ | वोटे | ४७५ | ०.८७ |
| ८. | दराई | ३७० | ०.६८ |
| ९. | भोजपुरी | ४७५ | ०.८७ |
| १०. | तामाङ्ग | २६० | ०.४८ |
| ११ | मैथिली | २३५ | ०.४३ |
| १२ | हिन्दि | ५४ | ०.१० |

स्रोत : जनगणना २०६८ को प्रतिवेदन

### ४.४.७ अपाङ्गता भएका व्यक्तिहरूको विवरण

यस नगरपालिकाको कुल जनसङ्ख्याको २.१ प्रतिशत हिस्सामा वा १,१२५ जनामा कुनै एक वा वढि प्रकारको अपाङ्गता रहेको देखिएको छ। अपाङ्गता भएका व्यक्तिहरूमध्ये ३४.८४ प्रतिशतमा शारीरिक अपाङ्गता, १४.४० प्रतिशतमा दृष्टिसम्बन्धी अपाङ्गता, २०.९८ प्रतिशतमा सुनाइसम्बन्धी अपाङ्गता, १.५१ प्रतिशतमा श्रवण दृष्टिबिहिनता, १४.४० प्रतिशतमा स्वर बोलाइसम्बन्धी अपाङ्गता, ६.०४ प्रतिशतमा मानसिक अपाङ्गता, २.९३ प्रतिशतमा बौद्धिक अपाङ्गता र ४.८९ प्रतिशतमा बहुअपाङ्गता भएको पाइएको छ।

**तालिका ४.४.८ : अपाङ्गता भएका व्यक्तिहरूको विवरण**

| अपाङ्गताको प्रकार | जम्मा | |
|---|---|---|
| | संख्या | % |
| शारीरिक अपाङ्गता | ३९२ | ३४.८४ |
| दृष्टिसम्बन्धी अपाङ्गता | १६२ | १४.४० |
| सुनाईसम्बन्धी अपाङ्गता | २३६ | २०.९८ |
| श्रवण तथा दृष्टि सम्बन्धी अपाङ्गता | १७ | १.५१ |
| स्वर/वोलाई सम्बन्धी अपाङ्गता | १६२ | १४.४० |
| मानसिक अपाङ्गता | ६८ | ६.०४ |
| बौद्धिक अपाङ्गता | ३३ | २.९३ |
| बहुअपाङ्गता | ५५ | ४.८९ |
| जम्मा | ११२५ | १००.०० |

स्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

### ४.४.८ शैक्षिक अवस्था

**तालिका ४.४.९ : शैक्षिक संस्थाहरूको विवरण**

| क.सं. | विवरण | वर्तमान स्थिति |
|---|---|---|
| १ | बालविकास केन्द्र संख्या | ५४ |
| २ | कुल विद्यालय संख्या | ६५ |
| २.१ | सामुदायिक विद्यालय संख्या | ४७ |
| २.२ | संस्थागत विद्यालय संख्या | १८ |
| ३ | क्याम्पस संख्या | ३ |

स्रोत: जिल्ला शिक्षा कार्यालयको शैक्षिक दर्पण, २०७४

### क) विद्यालयको विवरण

यस नगरपालिकामा आधारभुत र माध्यामिक तहका शैक्षिक संस्थाहरू गरी जम्मा ६५ रहेका छन्। सामुदायिक विद्यालय तर्फ जम्मा ४७ रहेका छन्। त्यस्तै संस्थागत विद्यालयहरू १८ रहेका छन्।

**तालिका ४.४.१० : सामुदायिक, संस्थागत विद्यालयहरूको संख्या**

| क.सं. | विवरण | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | प्राथामिक तह | २३ | ५ | २८ |
| २ | निम्न माध्यामिक तह | ११ | ३ | १४ |
| ३ | माध्यामिक तह | ५ | ८ | १३ |
| ४ | उच्च माध्यामिक तह | ८ | २ | १० |
| | जम्मा | ४७ | १८ | ६५ |

स्रोत: जिल्ला शिक्षा कार्यालयको शैक्षिक दर्पण, २०७४

### ख) विद्यार्थीहरूको तहगत विवरण

जिल्ला शिक्षा कार्यालयको वार्षिक प्रतिबेदन २०७४ अनुसार यस नगरका कुल विद्यार्थीहरू मध्ये ५८.८ प्रतिशत सामुदायिक विद्यालयमा र ४१.२ प्रतिशत संस्थागत विद्यालयमा अध्ययनरत देखिन्छ। माध्यमिक तहमा सामुदायिकतर्फ कुल विद्यार्थीको १८.७ प्रतिशत र संस्थागततर्फ ८.७ प्रतिशत रहेको छ।

**तालिका ४.४.११ : नगरका विद्यार्थीहरूको विवरण**

| क.सं. | विवरण | सामुदायिक | | | संस्थागत | | | कुल छात्र छात्रा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र |
| १ | पूर्व प्रावि | १२७९ | ६४४ | ६३५ | २०६० | ९१७ | ११४३ | ३३३९ | १५६१ | १७७८ |
| २ | कक्षा १-५ | ३६१४ | १८९३ | १७२१ | २६३७ | १२०२ | १४३५ | ६२५१ | ३०९५ | ३१५६ |
| ३ | कक्षा ६-८ | २७१७ | १४६३ | १२५४ | १०६१ | ४१९ | ६४२ | ३७७८ | १८८२ | १८९६ |
| ४ | कक्षा ९-१० | १७६९ | १००८ | ७६१ | ५५१ | २६४ | २८७ | २३२० | १२७२ | १०४८ |
| | | ९३७९ | ५००८ | ४३७१ | ६३०९ | २८०२ | ३५०७ | १५६८८ | ७८१० | ७८७८ |

स्रोत: जिल्ला शिक्षा कार्यालयको शैक्षिक दर्पण, २०७४

## ग) नगरपालिकाको शिक्षक दरवन्दी

### तालिका ४.४.१२ : नगरका शिक्षक दरबन्दी विवरण

| तह | दरबन्दी | राहत | जम्मा |
|---|---|---|---|
| प्रा.वि. | १३९ | ३९ | १६८ |
| नि.मा.वि | २६ | २८ | ५४ |
| मा.वि. | १९ | २४ | ४३ |
| उच्च मा.वि. | १५ |  | १५ |
| **जम्मा** | १९९ | ९१ | २९० |

स्रोतः जिल्ला शिक्षा कार्यालयको शैक्षिक दर्पण २०७४

## ४.९ स्थानीय निर्वाचनमा निर्वाचित जनप्रतिनिधिहरु

### तालिका ४.४.१३ : निर्वाचित पदाधिकारीहरूका नाम

| क्र.सं. | पद | वडा | नाम, थर | लिङ्ग | उमेर | राजनैतिक दल | मत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख |  | चन्द्र बहादुर राना | पुरुष | ५९ | नेपाली काँग्रेस | १०९९७ |
| २ | उपप्रमुख |  | ओम कुमारी महतो | महिला | ४९ | नेपाली काँग्रेस | १०८३५ |
| ३ | वडा अध्यक्ष | १ | लिला राम थारु | पुरुष | ५८ | ने.क.पा. एमाले | ७४२ |
| ४ | सदस्य | १ | प्रेम बहादुर खत्री क्षेत्री | पुरुष | ५७ | ने.क.पा. एमाले | ७७६ |
| ५ | सदस्य | १ | सुर्य प्रसाद श्रेष्ठ | पुरुष | ३० | ने.क.पा. एमाले | ७३८ |
| ६ | महिला सदस्य | १ | प्रभा गिरी | महिला | ४४ | ने.क.पा. एमाले | ८२९ |
| ७ | दलित म. सदस्य | १ | लक्ष्मी परियार | महिला | ३४ | ने.क.पा. एमाले | ८०८ |
| ८ | वडा अध्यक्ष | २ | नारायण पौडेल | पुरुष | ४५ | नेपाली काँग्रेस | ७४० |
| ९ | सदस्य | २ | गोविन्द नारायण थनेत | पुरुष | ६५ | नेपाली काँग्रेस | ७०० |
| १० | सदस्य | २ | शिवराज घिमिरे | पुरुष | ६१ | ने.क.पा. एमाले | ६७५ |
| ११ | महिला सदस्य | २ | हिरा माया वोटे | महिला | ४० | नेपाली काँग्रेस | ७१६ |
| १२ | दलित म. सदस्य | २ | सृजना परियार | महिला | २२ | नेपाली काँग्रेस | ७०३ |
| १३ | वडा अध्यक्ष | ३ | अमर बहादुर महतो | पुरुष | ४३ | नेपाली काँग्रेस | ७४७ |
| १४ | सदस्य | ३ | होम बहादुर महतो थारु | पुरुष | ५७ | नेपाली काँग्रेस | ७६४ |
| १५ | सदस्य | ३ | छविलाल नेपाल | पुरुष | ४२ | नेपाली काँग्रेस | ७३७ |
| १६ | महिला सदस्य | ३ | फुल कुमारी थारु | महिला | ३८ | नेपाली काँग्रेस | ७३४ |
| १७ | दलित म. सदस्य | ३ | विमला दमाई | महिला | ६१ | नेपाली काँग्रेस | ७४२ |
| १८ | वडा अध्यक्ष | ४ | पदम नारायण चौधरी | पुरुष | ६९ | नेपाली काँग्रेस | ६६१ |
| १९ | सदस्य | ४ | लेख बहादुर चौधरी | पुरुष | ५० | नेपाली काँग्रेस | ६४१ |
| २० | सदस्य | ४ | विष्णु प्रसाद न्यौपाने | पुरुष | ४९ | नेपाली काँग्रेस | ६३० |
| २१ | महिला सदस्य | ४ | योग माया महतो | महिला | ३६ | नेपाली काँग्रेस | ६८४ |
| २२ | दलित म. सदस्य | ४ | विमला विश्वकर्मा | महिला | २७ | नेपाली काँग्रेस | ६४८ |
| २३ | वडा अध्यक्ष | ५ | नमकान्त पाठक | पुरुष | ५७ | नेपाली काँग्रेस | ६०१ |
| २४ | सदस्य | ५ | डोल राज काफ्ले | पुरुष | ६९ | नेपाली काँग्रेस | ६१२ |

| क्र.सं. | पद | वडा | नाम, थर | लिङ्ग | उमेर | राजनैतिक दल | मत |
|---|---|---|---|---|---|---|---|
| २५ | सदस्य | ५ | प्रेम बहादुर थापा | पुरुष | २९ | नेपाली काँग्रेस | ५९९ |
| २६ | महिला सदस्य | ५ | माया महतो | महिला | ३६ | नेपाली काँग्रेस | ६१५ |
| २७ | दलित म. सदस्य | ५ | रनुमाया सार्की | महिला | ४३ | नेपाली काँग्रेस | ६१५ |
| २८ | वडा अध्यक्ष | ६ | सुर्य प्रसाद न्यौपाने | पुरुष | ६८ | ने.क.पा. एमाले | ७६० |
| २९ | सदस्य | ६ | धुप नारायण थारु | पुरुष | ६३ | ने.क.पा. एमाले | ७६४ |
| ३० | सदस्य | ६ | पूर्ण चन्द्र कंडेल | पुरुष | ४७ | ने.क.पा. एमाले | ७४० |
| ३१ | महिला सदस्य | ६ | गीता कुमारी कुमाल | महिला | ४० | ने.क.पा. एमाले | ७९६ |
| ३२ | दलित म. सदस्य | ६ | लिला कुमारी सार्की | महिला | ४५ | ने.क.पा. एमाले | ७८८ |
| ३३ | वडा अध्यक्ष | ७ | अमृत प्रसाद ज्ञवाली | पुरुष | ४७ | ने.क.पा. एमाले | ८०१ |
| ३४ | सदस्य | ७ | मधु बिलास अधिकारी | पुरुष | ६१ | ने.क.पा. एमाले | ७९८ |
| ३५ | सदस्य | ७ | दुलामनी महत्तो | पुरुष | ५० | ने.क.पा. एमाले | ७९६ |
| ३६ | महिला सदस्य | ७ | रमा देवी ढकाल | महिला | ४६ | ने.क.पा. एमाले | ८०९ |
| ३७ | दलित म. सदस्य | ७ | लक्ष्मी सुनार | महिला | ४३ | ने.क.पा. एमाले | ८१८ |

# HUPSEKOT RURAL MUNICIPALITY, Nawalparasi East



## ४.५ हुप्सेकोट गाउँपालिका

राज्यका स्थानीय तह पुनसंरचना गर्दा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७३ फाल्गुण २७ गतेको निर्णयले साविकका देउराली, धौवादी र हुप्सेकोट गाउँ विकास समितिहरूलाई मिलाएर वनाइएको हो। हाल यस गाउँपालिकामा ६ वडाहरूमा विभाजित गरी गाउँपालिकाको प्रशासनिक काम संचालन गरिएको छ। भौगोलिक, आर्थिक, सामाजिक, सास्कृतिक स्थितिले यसले सम्भावना वोकेको देखिन्छ। प्राकृतिक श्रोत एवं साधन पनि सम्भावनाहरू रहेका छन्। विविध प्राकृतिक तथा साँस्कृतिक विशेषताहरू बोकेको पाइन्छ। धैरैजसो पहाडी भुभाग भएको कारण आवश्यक भौतिक तथा सामाजिक पुर्वाधारको अवस्था त्यति राम्रो छैन। यसको क्षेत्रफल १८८.२१ वर्ग कि.मी. छ भने यस न.पा.को जनसंख्या २५,०६५ रहेको छ। यसका सिमानामा पूर्वमा कावासोती र देवचुली न.पा., पश्चिममा मध्यबिन्दु न.पा.र पाल्पा जिल्ला, उत्तरमा बुडिदकाली गा.पा. र पाल्पा जिल्ला तथा दक्षिणमा कावासोती र मध्यबिन्दु न.पा.रहेको छ। प्रमुख जातिहरूमा मगर, ब्राम्हण पहाडी, कुमाल, क्षेत्री, कामी, ठकुरी, दमाई, गुरुङ्ग, सार्की, तामाङ्ग आदि हुन्। यस क्षेत्रका गाउँवासीहरूले मान्ने मुख्य चाडपर्वमा दशै, तिहार, ल्होसार, माघी, चण्डी पूर्णिमा आदि रहेको पाइन्छ।

### हुप्सेकोट गाउँपालिका सिमाना, वडा विभाजन तथा जनसंख्या

समावेश भएका साविकका गा.वि.स.हरू: देउराली, धौवादी र हुप्सेकोट गा.वि.स.

केन्द्र: साविकको देउराली गा.वि.स.को कार्यालय वडा संख्या: ६

सीमाना:

पूर्व: कावासोती र देवचुली न.पा. पश्चिम: मध्यबिन्दु न.पा.र पाल्पा जिल्ला

उत्तर: बुडिदकाली गा.पा. र पाल्पा जिल्ला दक्षिण: कावासोती र मध्यबिन्दु न.पा.

**तालिका ४.५.१ : वडा विभाजन तथा जनसंख्या**

| वडा नं. | समावेश भएका साविकका न.पा. तथा गा.वि.स.हरू | साविक वडा नं. | पुरुषको संख्या | महिलाको संख्या | जम्मा जनसंख्या | घरपरिवार संख्या |
|---|---|---|---|---|---|---|
| १ | देउराली | ५ | १८२६ | २२१७ | ४०४३ | ८६७ |
| | धौवादी | २ | | | | |
| २ | देउराली | १, २ र ९ | १९९४ | २३९८ | ४३९२ | ८२८ |
| ३ | देउराली | ३ र ४ | २०५१ | २६७० | ४७२१ | ९३७ |
| ४ | देउराली | ६ र ७ | २४७८ | ३१२८ | ५६०६ | ९८९ |
| | धौवादी | ७ | | | | |
| ५ | देउराली | ८ | १२१४ | १४०८ | २६२२ | ४१५ |
| ६ | धौवादी | १, ३ देखि ६, ८ र ९ | १७०९ | १९७२ | ३६८१ | ५५२ |
| | हुप्सेकोट | १ देखि ९ | | | | |
| जम्मा | | | ११,२७२ | १३,७९३ | २५,०६५ | ४,५८८ |

### ४.५.१ घर तथा आवासीय इकाइको स्वामित्व र बनौट

**(क) घर/आवासीय इकाइको स्वामित्व**

कुल ४ हजार ५ सय ८८ परिवार मध्ये ९५.५१% परिवारहरू आफ्नै घरमा बसेका छन् भने २.८६% परिवारहरू अरुको घरमा भाडामा बसेको पाइन्छ। त्यस्तै ०.१७% परिवारहरू संस्थागत भवनमा र १.४६% परिवारहरू अन्य प्रकारको स्वामीत्व भएको घरमा बसोबास गरेका छन्। ग्रामीण क्षेत्र भएका कारण अधिकांश घरपरिवार आफ्नै घरमा बस्ने गरेको पाइन्छ।

**तालिका ४.५.२ : घरको स्वामित्वअनुसार परिवारहरूको विवरण**

| एकाई | जम्मा | घर वा आवासिय इकाइको स्वामित्व | | | |
|---|---|---|---|---|---|
| | | आफ्नै | भाडामा | संस्थागत | अन्य |
| घरपरिवार | ४,५८८ | ४,३८२ | १३१ | ८ | ६७ |
| प्रतिशत | १०० | ९५.५१ | २.८६ | ०.१७ | १.४६ |

स्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

**(ख) घर/आवासीय इकाइको बनौट**

परिवार बसोबास गरिरहेको घर वा आवासीय इकाइको बनौटलाई सो घर/आवासीय इकाइको भौतिक संरचनाका मुख्य अङ्गहरू जग, बाहिरी गारो र छानाको बनावटको आधारमा विश्लेषण गरिएको छ। नतिजाअनुसार परिवारहरूले प्रयोग गरिरहेको घरहरूमध्ये ५२.७७ प्रतिशतको जग माटो जडित इटा/ढुङ्गाबाट बनेका, १३.७५ प्रतिशतको सिमेन्ट जडित इटा/ढुङ्गाबाट बनेका, ७.२८ प्रतिशतको ढलान पिलरसहितको, २५.३५ प्रतिशतको काठको खम्बा गाडिएको र बाँकी अन्य बनौटको जग रहेको देखिएको छ।

**तालिका ४.५.३ : घरको जग अनुसार परिवार संख्या**

| जम्मा | घर/आवासीय इकाइको जग | | | | | |
|---|---|---|---|---|---|---|
| | माटो जडित इटा/ढुंगा | सिमेन्ट जडित | ढलान पिलर इटा/ढुंगा | काठको खम्बा | अन्य सहितको | नखुलेको |
| ४,५८८ | २,४२१ | ६३१ | ३३४ | १,१६३ | २ | ३७ |
| १०० | ५२.७७ | १३.७५ | ७.२८ | २५.३५ | ०.०४ | ०.८१ |

स्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

यस गाउँपालिकाका सबैभन्दा कढी परिवारहरू ६०.७९ प्रतिशत बाहिरी गाह्रो माटोको जोडाई ढुंगा वा ईट्टा भएको घरमा बसेको पाइन्छ। बाहिरी गाह्रो सिमेन्टको जोडाई ढुंगा वा ईट्टा भएको घरमा २४.६९ प्रतिशत परिवारहरू तथा बाहिरी गाह्रो बाँस भएको घरमा १३.०१ प्रतिशत परिवारहरू बसोबास गर्दछन्।

**तालिका ४.५.४ : घरको गाह्रो अनुसार परिवार संख्या**

| जम्मा | घर/आवासीय इकाइको गाह्रो | | | | | | नखुलेको |
|---|---|---|---|---|---|---|---|
| | माटो जोडाई इटा/ढुंगा | सिमेन्ट जोडाई इटा/ढुंगा | बाँस | काठ वा फलेक | काँचो ईटाँ | अन्य | |
| ४,५८८ | २,७८९ | १,१३३ | ५९७ | १५ | ३ | १२ | ३९ |
| १०० | ६०.७९ | २४.६९ | १३.०१ | ०.३३ | ०.०७ | ०.२६ | ०.८५ |

स्रोत : राष्ट्रिय जनगणनाको प्रतिवेदन:२०६८

आवासीय घरको छानाको बनौट हेर्दा कुल परिवारले बसोबासका लागि प्रयोग गरिरहेका घरहरू मध्ये ७६.०९ प्रतिशतको जस्ता/टिनबाट, ६.१५ प्रतिशतको सिमेन्ट/ढलानबाट, १५.४८ प्रतिशतको खर/परालबाट छाना बनेको देखिएको छ। त्यसैगरी बाँकी छाना अन्य सामग्रीको प्रयोगबाट बनेको देखिन्छ।

**तालिका ४.५.५ : घरको छाना अनुसार परिवार संख्या**

| जम्मा | घर/आवासीय इकाइको छाना | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खर वा पराल | जस्ता पाता | टायल वा स्लेट | ढलान | काठ वा फलेक | अन्य | नखुलेको |
| ४,५८८ | ७१० | ३,४९१ | ५० | २८२ | ११ | २ | ४२ |
| १०० | १५.४८ | ७६.०९ | १.०९ | ६.१५ | ०.२४ | ०.०४ | ०.९२ |

स्रोत : राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८

### ४.५.२ परिवारले पिउने पानीको मुख्य स्रोत

राष्ट्रिय जनगणना २०६८ मा देशभित्रका हरेक परिवारले पिउने पानीको मुख्य स्रोत सम्बन्धी विवरण सङ्कलन गरिएको थियो। सो गणनाको नतिजाअनुसार यस गाँउपालिकामा कुल ४ हजार ५ सय ८८ परिवार मध्ये ९०.१७ प्रतिशत परिवारले धारा/पाइप र ७.०८ प्रतिशतले खुला कुवाबाट पिउने पानी मुख्यरूपमा आपूर्ति गर्ने गरेको पाइएको छ। मूल धारा, नदी/खोला र अन्य स्रोतबाट पिउने पानी आपूर्ति गर्ने परिवारहरू कुल परिवारको क्रमश: ०.८९, ०.३९ र ०.२२ प्रतिशत रहेका छन्।

**तालिका ४.५.६ : खानेपानीको स्रोतअनुसार परिवार संख्या**

| जम्मा | पिउने पानीको स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | धारा वा पाइप | ढाकिएको इनार वा कुवा | नढाकिएको इनार वा कुवा | मूल धारा | नदी वा खोला | अन्य | नखुलेको |
| ४,५८८ | ४१३७ | २२ | ३२५ | ४१ | १८ | १० | ३५ |
| १०० | ९०१७ | ०.४८ | ७०८ | ०.८९ | ०.३९ | ०.२२ | ०.७६ |

स्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८

### ४.५.३ परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन

राष्ट्रिय जनगणना २०६८ को नतिजाले यस गाउँपालिकाका कुल परिवार मध्ये ९१.३० प्रतिशत अर्थात अधिकांश परिवारले खाना पकाउन अक्सर काठ तथा दाउरा प्रयोग गर्ने गरेको देखाएको छ। कुल परिवारको २.७५ प्रतिशतले खाना पकाउन अक्सर एल.पि. ग्याँस प्रयोग गर्ने गरेको देखिन्छ। त्यस्तै खाना पकाउन अक्सर गोबर ग्याँस प्रयोग गर्नेको हिस्सा ४.८२ प्रतिशत रहेको छ ।

**तालिका ४.५.७ : खाना पकाउन प्रयोग इन्धन अनुसार परिवार संख्या**

| जम्मा | खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | काठ/दाउरा | मटितेल | एल पि ग्यास | गुईठा | गोबर ग्याँस | विजुली | अन्य नखुलेको |
| ४,५८८ | ४,१८९ | ६ | १२६ | २ | २२१ | २ | ४२ |
| १०० | ९१.३० | ०.१३ | २.७५ | ०.०४ | ४.८२ | ०.०४ | ०.९२ |

स्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

### ४.५.४ परिवारमा बत्ति बाल्न अक्सर प्रयोग गरिने साधन

यहाका धेरै घरपरिवारहरूले आफू बसोबास गरेको घर/आवासीय इकाइमा बत्ती बाल्नका लागि अक्सर बिजुली प्रयोग गर्ने गरेको देखिएको छ। जनगणना २०६८ अनुसार बिजुली प्रयोग गर्ने परिवार ६७.०४ रहेको छ। बत्ती बाल्नका लागि अक्सर मटितेल प्रयोग गर्ने परिवार १९.७३ प्रतिशत मात्र देखिएको छ। बत्ती बाल्नका लागि अक्सर सोलार र अन्य इन्धन प्रयोग गर्ने परिवार क्रमश: ७.५४ र ४.५३ प्रतिशत रहेको देखिन्छ। गोबरग्यास प्रयोग गर्ने परिवारहरू केवल ०.२४ प्रतिशत मात्र रहेका छन्।

**तालिका ४.५.८ : अक्सर बत्ती बाल्ने स्रोत अनुसार परिवार संख्या**

| जम्मा | अक्सर बत्ती बाल्ने स्रोत | | | | | |
|---|---|---|---|---|---|---|
| | विजुली | मट्टितेल | वायोग्याँस | सौर्य | अन्य | नखुलेको |
| ४,५८८ | ३,०७६ | ९०५ | ११ | ३४६ | २०८ | ४२ |
| १०० | ६७०४ | १९.७३ | ०.२४ | ७.५४ | ४.५३ | ०.९२ |

स्रोत : राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८

### ४.५.५ परिवारले प्रयोग गर्ने शौचालयको सुविधा

यस गाउँपालिकाका ३०.८२ प्रतिशत परिवारहरूसग आफू बस्ने घरमा अझै पनि शौचालयको सुविधा नभएको तथ्याङ्क राष्ट्रिय जनगणना २०६८ को नतिजाले देखाएको छ। हाल ५४.२१ प्रतिशत परिवारहरूले सेप्टिक ट्याङ्कमा जोडिएको फ्लस भएको आधुनिक शौचालय प्रयोग गर्ने गरेको पाइएको छ। त्यसैगरी साधारण शौचालय प्रयोग गर्ने परिवारहरूको संख्या १४.०६ प्रतिशत देखिएको छ।

**तालिका ४.५.९ : चर्पीको सुविधा अनुसार परिवार संख्या**

| जम्मा | चर्पी नभएका घरपरिवार | चर्पी भएका जम्मा घरपरिवार | आधुनिक चर्पी भएका घरपरिवार | साधारण चर्पी भएका घरपरिवार | नखुलेको |
|---|---|---|---|---|---|
| ४,५८८ | १,४१४ | ३,१३२ | २,४८७ | ६४५ | ४२ |
| १०० | ३०.८२ | ६८.२७ | ५४.२१ | १४.०६ | ०.९२ |

स्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८

### ४.५.६ परिवारले प्रयोग गर्ने सुविधाको पहुँच

यस गाउपालिकाका १०.१६ प्रतिशत परिवारहरूसँग अझै पनि एकपनि सुविधा नभएको तथ्याङ्क राष्ट्रिय जनगणना २०६८ को नतिजाले देखाएको छ। टि.भि. प्रयोग गर्ने परिवारको संख्या ३७.७५ प्रतिशत छ। हाल ७३.३७ प्रतिशत परिवारहरूले मोबाइलको प्रयोग गर्ने गरेको पाइएको छ। त्यसैगरी साइकल प्रयोग गर्ने परिवारहरूको संख्या ५४.७७ प्रतिशत देखिन्छ। यहाका ०.३१ प्रतिशत परिवारसँग इन्टरनेटको पहुँच देखिन्छ। ७.४५ प्रतिशत परिवारहरूले मोटरसाइकलको सुविधा लिएको देखिन्छ।

**तालिका ४.५.१० : सुविधाको पहुँच अनुसार परिवार संख्या**

| जम्मा | एकवटा पनि सुविधा नभएका | कम्तिमा एकवटा सुविधा भएको | रेडियो | टि.भि. | केबुल टि.भि. | कम्प्यूटर | इन्टरनेट |
|---|---|---|---|---|---|---|---|
| ४५८८ | ४६६ | ३९६९ | २४३३ | १७३२ | १४४ | ९० | १४ |
| १०० | १०.१६ | ८६.५१ | ५३.०३ | ३७.७५ | ३.१४ | १.९६ | ०.३१ |
| फोन | मोबाइल | मोटर | मोटरसाइकल | साइकल | अन्य | फ्रिज | नखुलेको |
| १७ | ३३६६ | १२ | ३४२ | २५१३ | १४ | ९५ | १५३ |
| ०.३७ | ७३.३७ | ०.२६ | ७४५ | ५४.७७ | ०.३१ | २.०७ | ३.३३ |

स्रोत : राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८

## ४.५.७ उमेर समूह अनुसारको जनसंख्या

जनसङ्ख्याको उमेरगत संरचनालाई ५ वर्षको उमेर समूहमा विभाजन गरी अध्ययन गर्दा १० देखि १४ वर्ष उमेर समूहमा कुल जनसङ्ख्याको सर्वाधिक अंश रहेको देखिन्छ। यो उमेर समूहमा कुल जनसङ्ख्याको १४.४९ प्रतिशत हिस्सा रहेको देखिन्छ। यसपछि बढी हिस्सा १३.१७ प्रतिशत जनसङ्ख्यासहित ५ देखि ९ वर्ष उमेर समूहको रहेको छ। पुरूषको हकमा कुल पुरूष जनसङ्ख्याको सबैभन्दा धेरै १० देखि १४ वर्ष उमेर समूहमा र महिलातर्फ पनि कुल महिलाको पनि सबैभन्दा धेरै १० देखि १४ वर्ष उमेर समूहका व्यक्तिहरूमा रहेको देखिन्छ। १५ देखि १९ वर्ष उमेर समूहमा कुल जनसङ्ख्याको हिस्सा ११.७९ प्रतिशत छ। ० देखि ४ वर्षका वालवालिकाहरूको जनसंख्या १०.४३ प्रतिशत रहेको छ। १० देखि १४ वर्ष पछि उमेर समूह वढ्दै जाँदा जनसङ्ख्याको प्रतिशत पनि कम हुदै गएको देखिन्छ ।

**तालिका ४.५.११ : उमेर समूह अनुसारको जनसंख्या**

| उमेर समूह | ०-४ | ५-९ | १०-१४ | १५-१९ | २०-२४ | २५-२९ | ३०-४४ | ३५-३९ | ४०-४४ | ४५-४९ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कुल जनसंख्या | २६१५ | ३३०० | ३६३१ | २९५६ | २०४७ | १७५२ | १४७८ | १२५२ | ११९१ | १०८४ |
| प्रतिशत | १०.४३ | १३.१७ | १४.४९ | ११.७९ | ८.१७ | ६.९९ | ५.९० | ५.०० | ४.७५ | ४.३२ |
| पुरूष | १३६० | १६५८ | १७६५ | १३०९ | ६९४ | ५९८ | ५४८ | ४९३ | ४९५ | ५०६ |
| महिला | १२५५ | १६४२ | १८६६ | १६४७ | १३५३ | ११५४ | ९३० | ७५९ | ६९६ | ५७८ |
| उमेर समूह | ५०-५४ | ५५-५९ | ६०-६४ | ६५-६९ | ७०-७४ | ७५वा माथि | | | | |
| जम्मा | ९११ | ७६७ | ७२७ | ५३३ | ३५७ | ४६४ | | | | |
| प्रतिशत | ३.६३ | ३.०६ | २.९० | २.१३ | १.४२ | १.८५ | | | | |
| पुरुष | ४२० | ३९० | ३४४ | २६७ | १९८ | २२७ | | | | |
| महिला | ४९१ | ३७७ | ३८३ | २६६ | १५९ | २३७ | | | | |

स्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

## ४.५.८ जातजाति अनुसार जनसंख्याको संरचना

वि.सं.२०६८ को राष्ट्रिय जनगणना अनुसार यस गाउपालिकामा बसोवास गर्दै आएका मुख्य जातजातीहरूमा क्रमश मगर १५,९९७ (६३.८२%), ब्राम्हण पहाडी २,१०१ (८.३८%), कामी १,२९०

(५.१५%), ठकुरी १,०८३ (४.३२%), दमाई १,०२३ (४.०८%), थारु ८२४ (३.२९%), क्षेत्री ६७१ (२.६८%), कुमाल ५०३ (२.०१%), गुरुङ्ग ४६० (१.८४%), तामाङ्ग २२५(०.९०%), नेवार २१७ (.८७%), सार्की १३५ (०.५४%) आदी रहेका छन्। ७३ प्रतिशत जनजातिहरू, करिब १५ प्रतिशत बाहुन, क्षेत्री आदी, १० प्रतिशत दलित तथा अन्यको बसोबास रहेको छ। जनजातिमा मुख्य गरी मगर, थारु, कुमाल, नेवार, गुरुङ्ग, तामाङ्ग आदी पर्दछन् भने दलित तर्फ कामी, साकी, दमाई आदि छन्। यहाँको विस्तृत जातजातिको तुलनात्मक तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ४.५.१२ : जातजाति अनुसारको जनसंख्या**

| क्र.सं. | जातजाती को नाम | जनसंख्या | प्रतिशत | क्र.सं. | जातजाती को नाम | जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | मगर | १५,९९७ | ६३.८२ | २ | ब्राम्हण | २,१०१ | ८.३८ |
| ३ | कामी | १,२९० | ५.१५ | ४ | ठकुरी | १,०८३ | ४.३२ |
| ५ | दमाई | १,०२३ | ४.०८ | ६ | थारु | ८२४ | ३.२९ |
| ७ | क्षेत्री | ६७१ | २.६८ | ८ | कुमाल | ५०३ | २.०१ |
| ९ | गुरुङ | ४६० | १.८४ | १० | तामाङ | २२५ | ०.९० |
| ११ | नेवार | २१७ | ०.८७ | १२ | सार्की | १३५ | ०.५४ |
| १३ | घर्ती | ३८ | ०.१५ | १४ | दराई | २९ | ०.१२ |

स्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

### ४.५.९ मातृभाषा अनुसार जनसंख्याको संरचना

राष्ट्रिय जनगणना २०६८ अनुसार अक्सर बसोबास गर्ने व्यक्तिहरूले बोल्ने मातृभाषा मगर हुने व्यक्तिहरूको सर्वोच्च हिस्सा रहेको देखाएको छ। यसअनुसार मगर भाषा मातृभाषा हुनेहरूको अंश ५९.१५ प्रतिशत रहेको देखिन्छ। नेपाली मातृभाषा हुनेको हिस्सा ३४.४६ प्रतिशत रहेको पाइन्छ। थारु मातृभाषा हुनेहरू २.९२ प्रतिशत हिस्सासहित तेस्रो बाहुल्यतामा छन्। यसैगरी चौथ्रो स्थानमा देखिएको भाषा गुरुङ्ग हो जसको प्रतिशत ०.९५ छ। कुमाल मातृभाषा हुनेको हिस्सा ०.८४ प्रतिशत रहेको छ।

**तालिका ४.५.१३ भाषा अनुसारको जनसंख्या**

| क्र.सं. | मातृभाषा | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | मगर | १४,८२७ | ५९.१५ |
| २. | नेपाली | ८,६३८ | ३४.४६ |
| ३. | थारु | ७३२ | २.९२ |
| ४. | गुरुङ | २३७ | ०.९५ |
| ५. | कुमाल | २११ | ०.८४ |
| ६. | तामाङ | १७३ | ०.६९ |
| ७. | नेवार | १०२ | ०.४१ |

स्रोत : जनगणना २०६८ को प्रतिवेदन

### ४.५.१० अपाङ्गता भएका व्यक्तिहरूको विवरण

यस गाउपालिकाको कुल जनसङ्ख्याको १.७५ प्रतिशत हिस्सामा वा ४३९ जनामा कुनै एक वा बढि प्रकारको अपाङ्गता रहेको देखिएको छ। शारीरिक अपाङ्गता भएका कुलव्यक्तिहरू १४९ मध्ये ९९ पुरूष र बाँकी ५० महिला रहेको देखिन्छ। अपाङ्गता भएका व्यक्तिहरूमध्ये ३३.९४ प्रतिशतमा शारीरिक अपाङ्गता, १२.०७ प्रतिशतमा दृष्टिसम्बन्धी अपाङ्गता, १८.६८ प्रतिशतमा सुनाइसम्बन्धी अपाङ्गता, १.८२ प्रतिशतमा श्रवण दृष्टिविहिनता, १६.६३ प्रतिशतमा स्वर बोलाइसम्बन्धी अपाङ्गता, ६.८३ प्रतिशतमा मानसिक अपाङ्गता, २.९६ प्रतिशतमा बौद्धिक अपाङ्गता र ७.०६ प्रतिशतमा बहुअपाङ्गता भएको पाइएको छ ।

**तालिका ४.५.१४ : अपाङ्गता भएका व्यक्तिहरूको विवरण**

| अपाङ्गताको प्रकार | पुरूष | महिला | जम्मा | |
|---|---|---|---|---|
| | संख्या | संख्या | संख्या | % |
| शारीरिक अपाङ्गता | ९९ | ५० | १४९ | ३३.९४ |
| दृष्टिसम्बन्धी अपाङ्गता | २९ | २४ | ५३ | १२.०७ |
| सुनाईसम्बन्धी अपाङ्गता | ३९ | ४३ | ८२ | १८.६८ |
| श्रवण तथा दृष्टि सम्बन्धी अपाङ्गता | ५ | ३ | ८ | १.८२ |
| स्वर/वोलाई सम्बन्धी अपाङ्गता | ४७ | २६ | ७३ | १६.६३ |
| मानसिक अपाङ्गता | १४ | १६ | ३० | ६.८३ |
| बौद्धिक अपाङ्गता | ६ | ७ | १३ | २.९६ |
| बहुअपाङ्गता | ९ | २२ | ३१ | ७.०६ |
| जम्मा | २४८ | १९१ | ४३९ | १००.०० |

स्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

### ४.५.११ शैक्षिक अवस्था

**तालिका ४.५.१५ : शैक्षिक संस्थाहरूको विवरण**

| क्र.सं. | विवरण | वर्तमान स्थिति |
|---|---|---|
| १ | बालविकास केन्द्र संख्या | ४१ |
| २ | कुल विद्यालय संख्या | ४६ |
| २.१ | सामुदायिक विद्यालय संख्या | ३९ |
| २.२ | संस्थागत विद्यालय संख्या | २७ |
| ३ | क्याम्पस संख्या | १ |

स्रोत: जिल्ला शिक्षा कार्यालयको शैक्षिक दर्पण, २०७४

### क) विद्यालयको विवरण

यस नगरपालिकामा आधारभुत र माध्यामिक तहका शैक्षिक संस्थाहरू गरी जम्मा ४६ रहेका छन्। सामुदायिक विद्यालय तर्फ जम्मा ३९ रहेका छन्। त्यस्तै संस्थागत विद्यालयहरू ७ रहेका छन्।

**तालिका ४.५.१६ : सामुदायिक, संस्थागत विद्यालयहरूको संख्या**

| क्र.सं. | विवरण | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | प्राथामिक तह | २६ | ३ | २९ |
| २ | निम्न माध्यामिक तह | ६ | ० | ६ |
| ३ | माध्यामिक तह | ४ | ४ | ८ |
| ४ | उच्च माध्यामिक तह | ३ | ० | ३ |
| | जम्मा | ३९ | ७ | ४६ |

स्रोत: जिल्ला शिक्षा कार्यालयको शैक्षिक दर्पण, २०७४

## ख) विद्यार्थीहरूको तहगत विवरण

जिल्ला शिक्षा कार्यालयको वार्षिक प्रतिबेदन २०७४ अनुसार यस नगरका कुल विद्यार्थीहरू मध्ये ७०.२ प्रतिशत सामुदायिक विद्यालयमा र २९.८ प्रतिशत संस्थागत विद्यालयमा अध्ययनरत देखिन्छ। माध्यमिक तहमा सामुदायिक तर्फ कुल विद्यार्थीको १३.४ प्रतिशत र संस्थागत तर्फ ८.३ प्रतिशत रहेको छ।

**तालिका ४.५.१७ : नगरपालिकाका विद्यार्थीहरूको विवरण**

| क्र.सं. | विवरण | सामुदायिक | | | संस्थागत | | | कुल छात्र छात्रा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र |
| १ | पूर्व प्रावि | ५९८ | ३११ | २८७ | ६८९ | ३०७ | ३८२ | १२८७ | ६१८ | ६६९ |
| २ | कक्षा १-५ | २६४१ | १३३३ | १३०८ | १०८० | ५०७ | ५७३ | ३७२१ | १८४० | १८८१ |
| ३ | कक्षा ६-८ | १४८७ | ८२९ | ६५८ | ३५४ | १३९ | २१५ | १८४१ | ९६८ | ८७३ |
| ४ | कक्षा ९-१० | ७३१ | ३९६ | ३३५ | १९२ | ९५ | ९७ | ९२३ | ४९१ | ४३२ |
| | जम्मा | ५४५७ | २८६९ | २५८८ | २३१५ | १०४८ | १२६७ | ७७७२ | ३९१७ | ३८५५ |

स्रोत: जिल्ला शिक्षा कार्यालयको शैक्षिक दर्पण, २०७४

## ग) गाउँपालिकाको शिक्षक दरवन्दी

**तालिका ४.५.१८ : शिक्षक दरबन्दी विवरण**

| तह | दरबन्दी | राहत | महिला शिक्षक | जम्मा |
|---|---|---|---|---|
| प्रा· वि· | ७७ | ३५ | १ | ११३ |
| नि· मा· वि | १० | १७ | - | २७ |
| मा· वि· | ८ | ७ | - | १५ |
| उच्च मा· वि· | ४ | ० | | ४ |
| जम्मा | ९९ | ५९ | १ | १५९ |

स्रोत: जिल्ला शिक्षा कार्यालयको शैक्षिक दर्पण, २०७४

४.५.१२ स्थानीय निर्वाचनका निर्वाचित जनप्रतिनिधिहरू

**तालिका ४.५.१९ : निर्वाचित पदाधिकारीहरूको नाम**

| क्र.सं. | पद | वडा | नाम, थर | लिङ्ग | उमेर | राजनैतिक दल | मत |
|---|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | लक्ष्मी देवी पाण्डे | महिला | ४८ | नेपाली काँग्रेस | ४५९२ |
| २ | उपाध्यक्ष | | स्वतन्त्र कोपिला मल्ल | महिला | ५५ | ने.क.पा. एमाले | ४४६८ |
| ३ | वडा अध्यक्ष | १ | चित्र बहादुर कानु मगर | पुरुष | ४० | नेपाली काँग्रेस | ८०३ |
| ४ | सदस्य | १ | लाल बहादुर शेरपुजा | पुरुष | ४२ | नेपाली काँग्रेस | ९६९ |
| ५ | सदस्य | १ | मन बहादुर परियार | पुरुष | ५६ | नेपाली काँग्रेस | ८०५ |
| ६ | महिला सदस्य | १ | उर्मिला महतो | महिला | ४० | नेपाली काँग्रेस | ८०६ |
| ७ | दलित म. सदस्य | १ | विष्णु माया वि.क. | महिला | ५० | नेपाली काँग्रेस | ८१७ |
| ८ | वडा अध्यक्ष | २ | पदम ब. क्षेत्री (पौडेल) | पुरुष | ५८ | नेपाली काँग्रेस | ७५१ |
| ९ | सदस्य | २ | जगर सिं थापा | पुरुष | ५८ | नेपाली काँग्रेस | ७१७ |
| १० | सदस्य | २ | धन बहादुर सोमै | पुरुष | ४२ | नेपाली काँग्रेस | ७०२ |
| ११ | महिला सदस्य | २ | तारा देवी चुहान मगर | महिला | ४९ | नेपाली काँग्रेस | ७१९ |
| १२ | दलित म. सदस्य | २ | धनिसरा वि.क. | महिला | ३९ | नेपाली काँग्रेस | ७४४ |
| १३ | वडा अध्यक्ष | ३ | छविलाल मिधुन | पुरुष | ४९ | ने.क.पा. एमाले | १०७२ |
| १४ | सदस्य | ३ | विष्णु राना (मगर) | पुरुष | ४७ | नेपाली काँग्रेस | १०५७ |
| १५ | सदस्य | ३ | तारा बहादुर कार्की | पुरुष | ६५ | ने.क.पा. एमाले | १०३६ |
| १६ | महिला सदस्य | ३ | तेज माया पाण्डे | महिला | ३४ | ने.क.पा. एमाले | १०३७ |
| १७ | दलित म. सदस्य | ३ | शर्मिला घले परियार | महिला | ४५ | ने.क.पा. एमाले | १०३९ |
| १८ | वडा अध्यक्ष | ४ | रोसन थापा | पुरुष | ५३ | ने.क.पा. एमाले | ११११३ |
| १९ | सदस्य | ४ | रुक्मागत भुर्तेल | पुरुष | ५६ | ने.क.पा. एमाले | ११९२ |
| २० | सदस्य | ४ | भुपाल सिंह वयम्वु मगर | पुरुष | २८ | ने.क.पा. एमाले | ११५८ |
| २१ | महिला सदस्य | ४ | मीन कुमारी ओन्टाकी | महिला | ३७ | ने.क.पा. एमाले | ११९६ |
| २२ | दलित म. सदस्य | ४ | सुमित्रा नेपाली | महिला | ३८ | ने.क.पा. एमाले | ११८४ |
| २३ | वडा अध्यक्ष | ५ | पदम बहादुर राना मगर | पुरुष | ४५ | नेपाली काँग्रेस | ४५३ |
| २४ | सदस्य | ५ | लाल बहादुर घर्ती मगर | पुरुष | ६० | नेपाली काँग्रेस | ४४८ |
| २५ | सदस्य | ५ | तलविर सोमै मगर | पुरुष | ४१ | नेपाली काँग्रेस | ४४३ |
| २६ | महिला सदस्य | ५ | तुलीसरा सोमै मगर | महिला | ३८ | नेपाली काँग्रेस | ४४९ |
| २७ | दलित म. सदस्य | ५ | कर्न माया विश्वकर्मा | महिला | ४५ | नेपाली काँग्रेस | ४४४ |
| २८ | वडा अध्यक्ष | ६ | छम बहादुर सोमै मगर | पुरुष | ३६ | नेपाली काँग्रेस | ५५१ |
| २९ | सदस्य | ६ | खेम ब. मल्ल ठकुरी | पुरुष | ३८ | नेपाली काँग्रेस | ५४७ |
| ३० | सदस्य | ६ | नन्द सिंह सोमै मगर | पुरुष | ४१ | नेपाली काँग्रेस | ५४० |
| ३१ | महिला सदस्य | ६ | विनीसरा ढेंगा | महिला | ४५ | नेपाली काँग्रेस | ५५२ |
| ३२ | दलित म. सदस्य | ६ | मिना दमाई | महिला | ३६ | नेपाली काँग्रेस | ५४७ |

स्रोत: जिल्ला निर्वाचन कार्यालय

BUNDIKALI RURAL MUNICIPALITY, Nawalparasi East



### ४.६ बुङ्द्रीकाली गाउँपालिका

राज्यका स्थानीय तह पुनसंरचना गर्दा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७३ फाल्गुण २७ गतेको निर्णयले साविकका मिथुकरम, डेढगाउ, रकुवा, रुचाङ्, नरम गा.वि.स.हरु तथा जौवारी गा.वि.स.का वडा नं. १, २, ३ हरुलाई मिलाएर वनाइएको हो। यस गाउँपालिकामा ६ वडाहरुमा विभाजित गरी गाउँपालिकाको प्रशासनिक काम संचालन गरिएको छ। भौगोलिक, आर्थिक, सामाजिक, सास्कृतिक स्थितिले निकै सम्भावना वोकेको छ। प्राकृतिक श्रोत एवं साधनको सम्भावनाहरु पनि रहेका छन्। विविध प्राकृतिक तथा साँस्कृतिक विशेषताहरु बोकेको पाइन्छ। पहाडी भुभाग भएको कारण आवश्यक भौतिक तथा सामाजिक पूर्वाधारको अवस्था त्यति राम्रो पाइदैन। यसको क्षेत्रफल ९१.८७ वर्ग कि.मी. छ भने यस गा.पा.को जनसंख्या १५,७३४ रहेको छ। २,९९८ घरपरिवार बसोवास गर्दछन्। यसका सिमानामा पूर्वमा बुलिङ्टार गा.पा., पश्चिममा पाल्पा जिल्ला, उत्तरमा तनहुँ जिल्ला साथै दक्षिणमा हुप्सेकोट गा.पा. रहेको छ। प्रमुख जातिहरुमा मगर, कामी, क्षेत्री, ब्राम्हण पहाडी, कुमाल, क्षेत्री, कामी, ठकुरी, नेवार, दमाई, दराई, सार्की आदि हुन्। अधिकांश मगर जातिको बसोवास रहेको छ। यस क्षेत्रका गाउँपालिकावासीहरुले मान्ने मुख्य चाडपर्वमा दशै, तिहार, ल्होसार, माघी, हाली, चण्डी पूर्णिमा आदि रहेको पाइन्छ।

**बुडिदकाली गाउँपालिका सिमाना, वडा विभाजन तथा जनसंख्या**

समावेश भएका साविकका गा.वि.स.हरु तथा गा.वि.स.का वडाहरु : मिथुकरम, डेढगाउ, रकुवा, रुचाङ्ग र नरम गा.वि.स.हरु तथा जौवारी गा.वि.स.का वडा नं. १-३

केन्द्र : साविकको डेढगाउ गा.वि.स.को कार्यालय वडा संख्या : ६

सीमाना :

पूर्व : बुलिङ्गटार गा.पा. पश्चिम : पाल्पा जिल्ला

उत्तर : तनहुँ जिल्ला दक्षिण : हुप्सेकोट गा.पा.

**तालिका ४.६.१ : वडा विभाजन तथा जनसंख्या**

| वडा नं. | समावेश भएका साविकका न.पा. तथा गा.वि.स.हरु | साविक वडा नं. | पुरुषको संख्या | महिलाको संख्या | जम्मा जनसंख्या | घरपरिवार संख्या |
|---|---|---|---|---|---|---|
| १ | मिथुकरम | १ देखि ९ | ११२१ | १३२० | २४४१ | ५०३ |
| २ | डेढगाउँ | १ देखि ९ | १४१२ | १८७४ | ३२८६ | ७५० |
| ३ | रकुवा | १ देखि ९ | ९४७ | १२२५ | २१७२ | ४८६ |
| ४ | रुचाङ | १ देखि ९ | १३९८ | १६५९ | ३०५७ | ५४१ |
| ५ | जौवारी | १ देखि ३ | ६७१ | ८४४ | १५१५ | २१६ |
| ६ | नरम | १ देखि ९ | १४४१ | १८२२ | ३२६३ | ५०२ |
| | जम्मा | ६,९९० | ८,७४४ | १५,७३४ | २,९९८ | |

**४.६.१ परिवारले पिउने पानीको मुख्य स्रोत**

राष्ट्रिय जनगणना २०६८ मा देशभित्रका हरेक परिवारले पिउने पानीको मुख्य स्रोत सम्बन्धी विवरण सङ्कलन गरिएको थियो। सो गणनाको नतिजाअनुसार यस गाउँपालिकामा कुल २ हजार

९ सय ९८ परिवार मध्ये ८५.३९ प्रतिशत परिवारले धारा/पाइप, ढाकिएको कुवाबाट ०.७७ प्रतिशत, ५.७४ प्रतिशतले खुला इनार/कुवाबाट पिउने पानी मुख्यरूपमा आपूर्ति गर्ने गरेको पाइएको छ। मूल धारा, नदी/खोलाबाट पिउने पानी आपूर्ति गर्ने परिवारहरू कुल परिवारको क्रमशः ६.४० र १.५३ प्रतिशत रहेका छन्।

**तालिका ४.६.२ : खानेपानीको स्रोतअनुसार परिवार संख्या**

| जम्मा | पिउने पानीको स्रोत | | | | | |
|---|---|---|---|---|---|---|
| | धारा वा पाइप | ढाकिएको इनार वा कुवा | नढाकिएको इनार वा कुवा | मूल धारा | नदी वा खोला | नखुलेको |
| २,९९८ | २,५६० | २३ | १७२ | १९२ | ४६ | ५ |
| १०० | ८५.३९ | ०.७७ | ५.७४ | ६.४० | १.५३ | ०.१७ |

स्रोत :राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८

### ४.६.२ परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन

राष्ट्रिय जनगणना २०६८ को नतिजाले यस गाउपालिकाका कुल परिवार मध्ये अधिकांश परिवारले खाना पकाउन अक्सर काठ तथा दाउरा प्रयोग गर्ने गरेको देखाएको छ। खाना पकाउन काठ तथा दाउरा प्रयोग गर्ने परिवारको प्रतिशत ९०.४३ रहेको छ। कुल परिवारको १.८७ प्रतिशतले मात्र खाना पकाउन अक्सर एल.पि. ग्याँस प्रयोग गर्ने गरेको देखिन्छ। विगत जनगणनामा एल.पि. ग्यास प्रयोग गर्ने परिवारहरू भन्दा यस जनगणनामा थोरै मात्र वृद्धि भएको देखिन्छ। त्यस्तै खाना पकाउन अक्सर गोबर ग्याँस प्रयोग गर्नेको हिस्सा ६.९७ प्रतिशत रहेको छ ।

**तालिका ४.६.३ : खाना पकाउन प्रयोग इन्धन अनुसार परिवार संख्या**

| जम्मा | खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | काठ/दाउरा | मटितेल | एल पि ग्यास | गुईठा | गोबर ग्याँस | अन्य | नखुलेको |
| २,९९८ | २,७११ | १० | ५६ | ४ | २०९ | २ | ६ |
| १०० | ९०.४३ | ०.३३ | १.८७ | ०.१३ | ६.९७ | ०.०७ | ०.२० |

स्रोत: राष्ट्रिय जनगणनाको प्रतिवेदन: २०६८

### ४.६.३ परिवारमा वति बाल्न अक्सर प्रयोग गरिने साधन

यस गाउँपालिकाका धेरैजसो घरपरिवारहरूले आफू बसोबास गरेको घर/आवासीय इकाइमा बत्ती बाल्नका लागि अक्सर सोलर प्रयोग गर्ने गरेको देखिएको छ। जनगणना २०६८ अनुसार सोलर प्रयोग गर्ने परिवार ४८.१३ रहेको छ। बत्ती बाल्नका लागि अक्सर मटितेल प्रयोग गर्ने परिवार १५.२४ प्रतिशत देखिएको छ। बत्ती बाल्नका लागि अक्सर बिजुली र अन्य इन्धन प्रयोग गर्ने परिवार क्रमशः ८.२१ र २८.०२ प्रतिशत रहेको देखिन्छ। गोबरग्यास प्रयोग गर्ने परिवारहरू केवल ०.२० प्रतिशत मात्र रहेका छन्।

**तालिका ४.६.४ : अक्सर बत्ती बाल्ने स्रोत अनुसार परिवार संख्या**

| जम्मा | अक्सर बत्ती बाल्ने स्रोत | | | | | |
|---|---|---|---|---|---|---|
| | विजुली | मट्टितेल | वायोग्याँस | सौर्य | अन्य | नखुलेको |
| २,९९८ | २४६ | ४५७ | ६ | १,४४३ | ८४० | ६ |
| १०० | ८.२१ | १५.२४ | ०.२० | ४८.१३ | २८.०२ | ०.२० |

स्रोत : राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८

### ४.६.४ उमेर समूह अनुसारको जनसंख्या

जनसङ्ख्याको उमेरगत संरचनालाई ५ वर्षको उमेर समूहमा विभाजन गरी अध्ययन गर्दा १० देखि १४ वर्ष उमेर समूहमा कुल जनसङ्ख्याको सर्वाधिक अंश रहेको देखिन्छ। यो उमेर समूहमा कुल जनसङ्ख्याको १२.८४ प्रतिशत हिस्सा रहेको देखिन्छ। यसलाई १२.२३ प्रतिशत जनसङ्ख्यासहित १५ देखि १९ वर्ष उमेर समूहले पछ्याएको छ। पुरूषको हकमा कुल पुरुष जनसङ्ख्याको सबैभन्दा धेरै १० देखि १४ वर्ष उमेर समूहमा र महिलातर्फ पनि कुल महिलाको सबैभन्दा धेरै १५ देखि १९ वर्ष उमेर समूहका व्यक्तिहरूमा रहेको देखिन्छ। ५ देखि ९ वर्ष उमेर समूहमा कुल जनसङ्ख्याको हिस्सा ९.९१ प्रतिशत छ। ० देखि ४ वर्षका वालवालिकाहरुको जनसंख्या ७.३० प्रतिशत रहेको छ। कुल प्रजनन् दर घट्दै गएको देखिन्छ। परिवार नियोजनको प्रभाव तथा मानिसमा सानो परिवार प्रतिको आकर्षण बढेको छ। १० देखि १४ वर्ष पछि उमेर समूह वढ्दै जाँदा जनसङ्ख्याको प्रतिशत पनि कम हुँदै गएको देखिन्छ।

**तालिका ४.६.५ : उमेर समूह अनुसारको जनसंख्या**

| उमेर समूह | ०-४ | ५-९ | १०-१४ | १५-१९ | २०-२४ | २५-२९ | ३०-४४ | ३५-३९ | ४०-४४ | ४५-४९ |
|---|---|---|---|---|---|---|---|---|---|---|
